**हातधुने बानी बसालौं, सङ्क्रमणबाट जोगिऔं**
साबुनपानीले मिचीमिची हात धोऔं ।
- हत्केला पछाडि, औंलाको बीच, नङभित्रलगायत हातका सबै भागमा कम्तीमा २० सेकेन्डसम्म राम्रोसँग साबुन लगाएर सफा पानीले हात धोऔं ।
- सफा कपडा वा तौलियाले हात पुछौं ।
**जीवाणुलगायत सङ्क्रमणबाट आफू पनि बचौं अरूलाई पनि बचाऔं ।**
नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक
दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com

Kirloskar Oil Engines
डिजल पम्प
रोटाभेटर
अधिकृत बिक्रेता:
महाकाली इन्टरनेशनल प्रा.लि.
मुर्ली, वीरगंज-१३, पर्सा
मो: ९८५५०२२५८०

❖ वर्ष ३६ ❖ २०७९ असोज ०६ गते बिहीवार // मूत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 September 22 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ३५

## यस कारण भत्किन्छन् महानगरका कालोपत्र सडकहरू

प्रस, वीरगंज, ५ असोज/

वीरगंज महानगरपालिका कार्यालयबाट बर्सेनि सात किलोमिटर कालोपत्र सडक निर्माण हुने गरेको छ। तर बर्सेनि बन्ने कालोपत्र सडक भने टिकाउ नहुने गरेको र एकाध वर्षमैं भत्किने गर्छ।

महानगरले अहिले ३२ वटा वडामा कालोपत्र गर्दै आएको छ। तर अहिलेसम्म बनेका कुनै पनि कालोपत्र टिकाउ नहुँदा पनि महानगरको पुरानो स्वरूप नगरपञ्चायत, नगरपालिका, उपमहानगरपालिका र अहिले महानगरमा परिणत हुँदा पनि पुरानै शैलीमा कालोपत्रको काम भइरहेको छ। महानगरबाट गरिने कालोपत्र २० एमएमभन्दा बढी मोटो नहुने गरेको योजना शाखाका प्रमुख राजेश चौरसियाले बताए। उनले नगरप्रमुखमा राजेशमान सिंह आएपछि घण्टाघर–माईस्थान सडकखण्डको करीब पाँच सय मिटर कालोपत्र सडक विभागको मापदण्ड अनुसार बनेको र आगामी दिनमा महानगरले बनाउने कालोपत्रको मोटाइ २० एमएमभन्दा बढी नै हुने बताए।


भत्किएको कालोपत्र सडक। तस्वीर: फाइल/प्रतीक

सडकको अवस्था हेरेर ३० देखि ४० एमएमसम्म कालोपत्र सडक निर्माण गरिने उनले बताए। अहिलेसम्म महानगरमा प्रिमिक्स प्रविधिबाट कालोपत्र हुने गरेको उनले बताए। आगो बालेर कालोपत्र (पिच) पकाउँदा दक्ष कामदार भएको बेला ठीक तरीकाबाट पिच पाक्ने नत्रभने कम पाक्ने, बढी पाकेर डढ्ने जस्ता कार्य हुने गरेकाले पिच सडक बिग्रने गरेको इन्जिनीयर चौरसियाले बताए। शाखा प्रमुख चौरसियाले अब भने असफाल्ट प्रविधिबाट पिच तयार गरिने र प्रयोग हुने बताए।

यो प्रविधिमा मेशिनको प्रयोग हुने र प्राविधिकले आवश्यक मापदण्ड तय गरेर पिच पकाउने र सोही पिच सडकमा प्रयोग गरिने भएकोले कालोपत्रको गुणस्तरमा वृद्धि हुने दाबी गरे। उनले आगामी दिनमा असफाल्ट प्रविधिको प्रयोग महानगरका कालोपत्र निर्माणमा अनिवार्य गरिने र ठेकेदारसँग यो प्रविधिको यन्त्र नभएको खण्डमा महानगरले भाडामा उपलब्ध गराउने गरी सम्झौता हुने बताए।

महानगरमा अहिलेसम्म कालोपत्र निर्माण कार्य कोटेशन र उपभोक्ता समितिबाट बढी र टेन्डरबाट थोरै मात्र हुने गरेको छ। कोटेशन र उपभोक्ता समितिमा आफ्ना मानिस, कार्यकर्ता र कमिशन दिने ठेकेदारको मात्र पहुँच हुने हुँदा महानगरले टेन्डर प्रक्रियाबाट यस प्रकारका योजनाहरू कमै मात्र गराउने गरेको छ। कमिशनबाट हुने कामहरू यस कारण अहिलेसम्म कमसल हुँदै आएको हो।

## निजगढमा डेङ्गु रोग न्यूनीकरण अभियान शुरू

प्रस, निजगढ, ५ असोज/

निजगढमा डेङ्गु रोगको सङ्क्रमण दिन प्रतिदिन बढेसँगै बुधवार निजगढमा सचेतना अभियान सञ्चालन गरिएको छ।



तस्वीर: प्रतीक

इलाका प्रहरी कार्यालय, निजगढको परिसरबाट बिहान शुरू गरिएको अभियान राजमार्गको बुद्धचोकसम्म पुगेर सचेतना फैलाइएको थियो।

कार्यक्रममा नगरप्रमुख सुरथ पुरी, उपप्रमुख सोममाया थिङ, प्रमुख प्रशासकीय अधिकृत सुमन धिताल, निजगढ नगर उद्योग वाणिज्य सङ्घका अध्यक्ष दीपेन्द्र श्रेष्ठ, इप्रका, निजगढका प्रहरी निरीक्षक सञ्जीव ओली, ट्राफिक प्रहरी, सशस्त्र प्रहरी, विभिन्न सामाजिक संस्थाका प्रमुख तथा प्रतिनिधिलगायत समाजसेवी, बुद्धिजीवी, नागरिक, सञ्चारकर्मीको सहभागिता थियो।

डेङ्गु रोगबाट नगरवासी जोगिन सरसफाइमा विशेष ध्यान दिन आग्रह गर्दै यदि कोही कसैलाई डेङ्गुको लक्षण र समस्या देखिए नगरपालिका स्वास्थ्य शाखासँग समन्वय गर्न नगरप्रमुख पुरी र उपप्रमुख थिङले बताए। जतातत्तै डेङ्गु सङ्क्रमणका बिरामी बढेको भन्दै नगरवासीहरू आफैं समयमैं सचेत रहनुपर्ने उनीहरूको भनाइ थियो।

डेङ्गु रोग एडिज प्रजातिको लामखुट्टेको टोकाइबाट लाग्ने भएकोले प्रायः बिहान र साँझको समयमा त्यस्ता लामखुट्टे बढी सक्रिय हुने गरेको, यस लामखुट्टे रहन सक्ने स्थानको खोजी, पहिचान गरी यसका लार्भाहरूलाई नष्ट गर्नुपर्ने अन्यथा यसको टोकाइबाट समाजमा महामारीको रूप पनि लिन सक्ने स्वास्थ्य विज्ञ एवं चिकित्सकहरूको भनाइ छ। लामखुट्टेको टोकाइबाट सर्ने भएकोले घरआँगन, करेसाबारी, गमला, साइकल, मोटरसाइकल, स्कूटी, कार, जीप वा अन्य सवारीसाधनका त्यत्तिकै राखिएका टायरहरूमा जमेको पानीमा यस प्रजातिको लामखुट्टे र यसको लार्भा अत्यधिक हुन सक्ने भएकोले समुदाय मिलेर नष्ट गर्नुपर्ने स्वास्थ्यविज्ञ एवं स्वास्थ्यकर्मीहरू बताउँछन्। मानिसको चहलपहल हुने स्थानहरूमा विशेष किसिमको सरसफाइ गर्नुपर्ने सो अभियानमा सहभागी निजगढका स्वास्थ्यकर्मीहरूले जानकारी गराएका थिए।

निजगढमा हालसम्म डेङ्गु रोगका २२ जना बिरामी फेला परे पनि उनीहरूको उपचारपछि स्वास्थ्य अवस्था सामान्य रहेको निजगढ नगर स्वास्थ्य शाखाका संयोजक स्वास्थ्यकर्मी रमेश लामाले जानकारी दिए।


तस्वीर: प्रतीक

## अतिक्रमण हटाउन पोखरिया नपा पनि तात्यो

प्रस, पोखरिया, ५ असोज/

पोखरिया नगरपालिकाले बुधवारदेखि सार्वजनिक जग्गा अतिक्रमण गरेर बनेका संरचनाहरू हटाउने कार्य शुरू गरेको छ।

नगरपालिकाको मुख्य बजार क्षेत्रमा अतिक्रमण गरेर बनाइएका घर, टहरा भत्काएर हटाउन शुरू गरिएपछि स्थानीय घरधनीले विवाद गरेका थिए। पोखरिया नगरपालिकाका वडाध्यक्ष लछुमन साह कानूले नगरपालिकाले तीन दिनअगाडि सार्वजनिक सूचना जारी गर्दै सार्वजनिक जग्गामा बनेका घरटहरा हटाउनका लागि आग्रह गरेको बताए। उनले अटेर गरी संरचना नहटाइएपछि नगरपालिका आफैंले हटाउन बाध्य भएको बताए।

स्थानीयले भने साना व्यापारीको रोजगार गुमेको बताए। उनीहरूले राजनीतिक पहुँच भएका, सामाजिक प्रतिष्ठा कायम गरेका र हुनेखानेहरूबाट भएका सार्वजनिक जग्गा अतिक्रमणविरुद्ध हात नहालेर गरीब,

(बाँकी अन्तिम पातामा)

## ठोरी–भिखनाठोरी आवागमन तीन दिनदेखि बन्द

चिरञ्जीवी सापकोटा, ठोरी, ५ असोज/

ठोरी गाउँपालिकाबाट भारत आवागमनमा समस्या उत्पन्न भएको छ।


आवागमन बाधित भएपछि सुनसान ठोरी सडकखण्ड। तस्वीर: प्रतीक

असोज २ गते सोमवारदेखि भारतीय पक्षले नेपालीहरूलाई आवतजावतमा रोक लगाएको हो।




केही दिनअघि नेपाली भूमिमा निर्माण भएको कुलो बाढीले बगाएको र पुनर्निर्माण गर्न नेपाली पक्षले नदिने बताएपछि भारतीय कुलो उपभोक्ताहरूले नेपालीहरूलाई भारत जान रोक लगाएका छन् भने भारतीय पर्यटकहरूलाई समेत नेपाल प्रवेशमा रोक लगाउँदै आएका छन्। भारतीय किसानलाई नेपालबाट परम्परागतरूपमा एउटा कुलो दिइएको छ। भारतीय किसानहरूका लागि भनेर पुनः अर्को कुलो निर्माण गरिएपछि ठोरीका उपभोक्ताहरूले जथाभावी पानी दिन नहुने बताउँदै दोस्रो कुलोको विरोध गर्दै आएका थिए। भारतीय किसानहरूले बनाएका नयाँ कुलो ठुटेखोलाको बाढीले बगाएर लगेपछि नेपाली पक्षले पुनः कुलो बनाउन रोक लगाएको र यसै विषयमा भारतीय भिखनाठोरीवासी रिसाएर आवतजावत बन्द गराएका हुन्।

ठोरीबाट एउटा कुलो परम्परागतरूपमा भिखनाठोरीतर्फ गइरहेको र त्यसैलाई मात्र निरन्तरता दिनुपर्ने ठोरी खानेपानी उपभोक्ता समितिको भनाइ छ। तर उपभोक्ता समितिको आग्रहका बावजूद अर्को कुलो भारतीय पक्षलाई दिइएको र अहिले बाढीले सो कुलोको संरचना भत्काएपछि पुनः दोस्रो कुलोबाट पानी प्रवाह हुन रोक लगाइएपछि समस्या बल्झिएको हो। ठोरीवासीले पूर्ववत्‌रूपमा दशगजादेखि दक्षिण बग्ने कुलो मर्मत गरेर पानी लैजान आग्रह गरेका तर भारतीय भिखनाठोरीका मानिसहरू भने अर्को नयाँ कुलो मर्मत गरेर पानी लैजाने अडानमा रहेका कारण तीन दिनदेखि ठोरी–भिखनाठोरी आवतजावत बन्द पारिएको छ।

एउटा कुलोबाट पानी भारतीयलाई दिएको र अर्को कुलो बनाएर पुनः पानी प्रवाह गरिएपछि ठोरीमा पूर्व वडाध्यक्ष सूर्यबहादुर लामाको संयोजकत्वमा ठुटेखोला पानी बचाउ सङ्घर्ष समिति गठन गरी स्थानीयले आन्दोलन गर्ने चेतावनी दिँदै आएका छन्।

अहिले यही विषयलाई लिएर बढेको विवादका कारण भिखनाठोरी भएर

(बाँकी अन्तिम पातामा)

## प्राथमिकतामा रहेको मुद्दाको पेसी सारियो

प्रस, वीरगंज, ५ असोज/

उच्च अदालत वीरगंज इजलासले कर्तव्य ज्यान मुद्दामा प्राथमिकतामा राख्दै आएको मुद्दालाई हटाएर अर्को मुद्दाको पेसी चढाएको छ।



तस्वीर: फाइल

उच्च अदालत वीरगंज इजलासमा साताको बिहीवार एक दिन मात्र कर्तव्य ज्यान मुद्दाको पेसी हुँदै आएको छ। यसअघि भदौ ३० गते बिहीवारका दिन तत्कालीन नेकपाका कार्यकर्ता बहुअर्वाभाठाका महेश चौरसिया हत्याकाण्डको पेसी १ नं मा थियो। तर असोज ६ गते बिहीवारको पेशीमा सो मुद्दा ४ नं मा पारिएको छ भने जीतपुरसिमरा उपमहानगरमा स्थानीय चुनावताका माओवादी केन्द्रका कार्यकर्ता राकेशभक्त पौडेल हत्याकाण्डको मुद्दा १ नं पेसीमा पारिएको छ। पौडेल हत्याकाण्डमा १४ जना अभियुक्त रहेको र सोमध्ये एकजना नाबालकलाई बारा जिल्ला अदालतले रिहा गरेको, एकजना नाबालिकालाई बाल सुधारगृहमा राखेको र बाँकी १२ जनालाई पुर्पक्षका लागि वीरगंज कारागार चलान गरेको थियो। यो मुद्दामा कारागार चलान भएका १२ जनाले १७ नं बमोजिम २०७९/४/१५ गते उच्च अदालत वीरगंजमा रिट हालेका थिए। तर सोभन्दा अघि तत्कालीन नेकपाका महेश चौरसिया हत्याकाण्ड भएको थियो।

चौरसिया हत्याकाण्डको रिट उच्चमा २०७८/८/२९ मा परेको थियो। चौरसिया हत्याकाण्डमा सातजना अभियुक्त अहिलेसम्म पर्सा जिल्ला अदालतको निर्णय अनुसार वीरगंज कारागारमा पुर्पक्षका लागि थुनामा छन्। यसअघि पौडेल हत्याकाण्डको पेसी ३ नं मा थियो र चौरसिया हत्याकाण्डको पेसी १ नं मा थियो। तर एक्कासि असोज ६ गते बिहीवारको पेसीमा चौरसिया हत्याकाण्ड पेसीलाई ४ नं मा पुऱ्याइएको छ भने ३ नं मा रहेको पौडेल हत्याकाण्डको पेसी १ नं मा राखिएको छ।

अदालतको नियम अनुसार पुरानो प्राथमिकताका मुद्दालाई पहिलो पेसीमा राख्ने र नयाँलाई सोही अनुसारको क्रममा राख्नुपर्ने हो तर उच्चमा यसो नहुँदा अहिले सेटिङ भएको आरोप लागेको छ। उच्च अदालत वीरगंज इजलासका सूचना अधिकारी रामनरेश महतोसँग यसबारे बुझ्दा उनले फोनबाट सूचना दिन नमिल्ने बताए। उनले अदालतबारे बुझ्नुपर्ने कुरा अदालतमा आएर बुझेको खण्डमा सबै प्रस्टयाउने बताए।

## विचारसार एवं सूक्तिहरू

**दूधमा नौनी हुन्छ, दही जमाएर, मधानीमा घोटेपछि मात्र नौनी प्राप्त हुन्छ। त्यसैगरी कार्यसिद्धिका लागि धेरै प्रयत्न गर्नुपर्छ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
प्रबन्ध सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com

## चलचित्र पाइरेसी हुँदा ...

**लोकप्रिय सामाजिक सञ्जाल टिकटकमा चलचित्र पाइरेसी हुन थालेको भन्दै नेपाली फिल्मका निर्देशक एवं निर्माताहरूले चिन्ता जाहेर गरेका छन् । फिल्मका ससाना खण्डहरू टिकटकमार्फत पाइरेसी हुँदा दर्शकहरूमा उक्त फिल्मप्रतिको चासो मर्ने हुनाले हलसम्म नपुग्ने निर्देशक, निर्माताहरूको तर्क छ । खण्ड–खण्ड गरेर क्लिप टिकटकबाट सार्वजनिक हुँदा सम्पूर्ण चलचित्र नै पाइरेसी भइरहेकाले भिसिडी, पेनड्राइभ र युट्युबभन्दा पनि घातक भएको उनीहरूको ठहर छ । बौद्धिक सम्पदा संरक्षण अन्तर्गत कपिराइटको अधिकार फिल्म निर्माताहरूलाई छ। अधिकारप्राप्त व्यक्ति वा संस्थाको अनुमतिबेगर कुनै पनि चलचित्रको क्लिप सार्वजनिक गर्नु कानूनतः अपराध हो । टिकटक युजरहरू कतिपयले कानून थाहा नभएर अरूको सिको गर्दै टिकटकमा हालेका हुन्छन् भने कतिपयले आफ्नो मन छोएको दृश्य अरूले पनि मन पराऊन्  वा जानकारी पाओस भन्ने उद्देश्यले टिकटकमा अपलोड गरेका हुन्छन् । जुनसुकै सोचका साथ टिकटकमा अपलोड गरिएको भए तापनि यसको मुख्य उद्देश्य आफ्नो भिवर्स वा फ्लोअर्स बढून् भन्ने नै हो । यसरी फिल्मका क्लिपहरू टिकटकमा अपलोड गर्ने कार्य सबैभन्दा पहिले फिल्म क्षेत्रका सेलिब्रेटी साथै लगानीकर्ताहरूले नै गरेका हुन्। हाम्रो मुलुकमा टिकटक प्रवेश गरेको करीब चार वर्ष भयो। यसमा सबैभन्दा बढी क्रेजी फिल्म क्षेत्रका मानिसहरू नै देखिएका छन् । उनीहरूले शुरूमा टिकटकलाई निश्शुल्क विज्ञापनको माध्यमको रूपमा लिए । टिकटकमार्फत थोरै अवधिमा धेरैजनाले थाहा पाउन सक्ने भएपछि निर्माताहरू विज्ञापन एजेन्सीतर्फ दौड्नुभन्दा टिकटक स्टारहरूको पछि लाग्न थालेको यथार्थ लुकेको छैन ।**

**चलचित्र निर्माता तथा लगानीकर्ताहरूको समस्या आफ्नै ठाउँमा होला, तर दर्शकलाई भने टिकटकको पाइरेसीले फाइदा नै भएको छ । अर्थ र समय दुवै कोणबाट दर्शक फाइदामा छन्। दर्शकको चासो मुख्यतः फिल्मको कथावस्तु, पात्र तथा अभिनय, संयोजनको स्तरलगायतमा हुन्छ। टिकटक आउनुभन्दा पहिले फिल्मको पोस्टर वा विज्ञापन हेरेर, सुनेर दर्शकहरू हलमा पुग्थे । हलभित्र प्रवेश गरेपछि त्यो चिठा जस्तो हुन्थ्यो। चित्तबुझ्दो वा नबुझ्दो जस्तो पनि हुन सक्थ्यो। कतिपय फिल्म आधा छाडेर निस्कने दर्शक धेरै छन्। कतिपय फिल्म भने दोहोर्‍याएर तेहेर्‍याएर पनि दर्शकले हेरेका छन् । त्यसैले त फिल्महरू फ्लप खाने र हिट जाने हो ।**

**अबका दर्शकले टिकटकका क्लिपबाट फिल्मको स्तरीयता सहजै थाहा पाउन सक्छन्। राम्रो लाग्यो भने हलमा जान्छन्। यो त खत्तम रहेछ भन्ने लागेमा समय र पैसा जोगाउँछन् । दर्शक लोभ्याउने किसिमको फिल्म बनाउन नसक्नेहरूका लागि भने ठूलो चुनौती थपियो । विगतमा जुनसुकै गुणस्तरको फिल्म भएपनि दुई/चार शो राम्रै चल्ने गर्थ्यो । अब त शुरूको शोमा नै दर्शक नहुने हो कि भन्ने चिन्ता लाग्न थालिसकेको छ। तर राम्रा चलचित्रहरूका लागि भने दर्शक झन् बढ्दो छ । जसरी रेडियोले राम्रा पत्रिकाको पाठक घटेका छैनन्। रेडियोमा समाचार सुनेपछि श्रोताहरूमा झन् चासो जाग्ने र पूर्णताका लागि उसले तुरुन्त छापा वा अनलाइन पत्रिका हेर्ने गरेको पाइएको छ। यसैगरी, टिकटकका क्लिपले मन छोएका दर्शकहरू पनि हलमा जान आँतुर हुन्छन्। राम्रा फिल्म दोहोर्‍याइ, तेहेर्‍याइ हेर्ने दर्शकलाई सिङ्गो चलचित्रको आनन्द खण्ड–खण्डको क्लिपले दिन सक्दैन। फेरि पनि यहाँ तर्क र बुझाइ आआफ्नै हुन सक्छ ।**

# जादूमा अविश्वास र नेताको बोलीमा विश्वास ?

स्वतन्त्र विचार



सञ्जय साह मित्र
mitrasanjay41@gmail.com

**सामाजिक–राजनीतिक र अन्यान्य समस्या समाधान गर्ने प्रतिबद्धता व्यक्त गर्ने नेताहरूको बोली उही जादूगरको जादूजस्तै हो । यही पृष्ठभूमिमा मेरा एक मित्र प्रश्न गर्दछन् – जादूगरको जादूमा विश्वास नगर्ने तपाईंलाई नेताको बोलीको अन्धभक्त बन्न मिल्छ ?**

जादूगरको जादूमा विश्वास नगर्नेहरू धेरै छन् । कमै छन्, जसले जादूमा विश्वास गर्दछन्। जादूमा विश्वास नगर्नेहरूले दुई कुरा भन्ने गर्छन्। पहिलो, यो कुनै छल हो वा आँखालाई धोका दिने तरीका हो । दोस्रो, जादूमा केवल अन्धविश्वासीले मात्र विश्वास गर्दछन् । यसरी जादूमा विश्वास नगर्नेले दुवैमाथि अविश्वास नै गरेका हुन्छन् ।

कतिपय जादूमा विश्वास गर्दैनन्, तर जादूगरको व्यवहारको भने प्रशंसक हुन्छन् । के पनि भनिन्छ भने कुनै पनि कुरामा निरन्तर अभ्यास गर्ने हो भने निश्चय नै फरक ल्याउन सकिन्छ। हामीले चिनियाँ खेलाडीहरूलाई टेलिभिजनमा देखेका छौं जो रबरको गुडियाजस्ता पनि लाग्दछन्। सर्कसमैं पनि मानिसलाई यस्ता कसरत गरेको देख्दछौं ।

जादूगर जादू वा चमत्कार देखाएर आजीविका आर्जन गर्छन्, नजीकबाट हेर्ने हो भने उनीहरू पनि साधारण मानिस नै हुन्छन्। कुनै क्षेत्रमा निरन्तर साधनाले र केही हदसम्म चतुर्‍याइँले दुनियाँलाई चकित पार्ने क्षमता राख्दछन् । एक किसिमले आफूमा आकर्षण थप्दछन्, आफूलाई आकर्षक बनाउँछन् र दुनियाँको ध्यान आफूतिर तान्छन् । जति धेरै मानिसलाई आफूतिर तान्न सक्यो, उति ठूलो जादूगर बन्न सक्छन् । र, सबैले बुझेको पूर्ण सत्य हो कि जुन जादूगरले धेरै मानिसलाई आफूतिर आकर्षित गर्न सक्यो, उसले धेरैभन्दा धेरै कमाउने बाटो पायो ।

एकजनामा सर्प समात्ने जादू थियो। दुलोमा बसेको सर्पलाई पनि हात पसाएर समातेर बाहिर निकाल्दथे। बाहिर रहेको सर्पलाई पनि मज्जैले समात्दथे । उनले यसलाई कहिल्यै जादू भनेनन् तर दुनियाँले उनलाई जादूगरको संज्ञा दिइरहे। उनीसित एकजना सर्प समात्ने कला सिक्न गए । उनले यो जादू होइन भन्दै सर्प समात्ने कला सिकाए । कला सिक्न जानेलाई उनले सबैभन्दा बढी धर्म निर्वाह गर्न सिकाए । सर्प समात्दा उसलाई यो नलागोस् कि उसलाई मार्न आएको छ। हातले समात्दा उसलाई नदुखोस्। अझ अगाडिबाट कहिल्यै नसमात्नू । सर्पसित जिस्किने काम पनि नगर्नू । हिम्मत त हुनै पर्‍यो। यसरी सतर्क रहनू कि सर्पलाई समात्दा आफ्नो हाततिर उसको मुख फर्किन नपाओस् । कहिल्यै पनि निधार सर्पको अगाडि पर्न नदिनू। यति भएपछि कुनै मन्त्र चाहिंदैन तर कहीं कतै भूल हुन गयो भने सर्पले छोड्दैन । सर्प समात्ने कला सिक्न गएका मानिसले भने–अब म कुनै पनि हालतमा सर्प समात्ने काम गर्दिनँ किनभने यो कला निकै गाह्रो रहेछ। र, उसले अरूलाई भन्दै हिंड्यो – सर्प समात्ने जादू निकै अप्ठ्यारो छ।

जादूलाई हातको सफाइ पनि भन्छन्। हातको सफाइ भन्नुको अर्थ हो त्यस्ता जादूगर जो हातले जादू गर्दछन्। तर जादूघरमा त हातले मात्रै काम गरेको हुँदैन । त्यहाँको वातावरण नै यस्तै बनाइएको हुन्छ । एकजना जादूगर त पैसा बनाउँथे । हातमा केही पनि नभए पनि यसो मन्त्र पढेजस्तो गर्थे र हातमा रुपियाँ आइपुग्थ्यो। रुपियाँ बनाउन सक्नेले इमानदारीपूर्वक भन्दथ्यो, यो पैसा होइन। तपाईंहरूलाई दृष्टिभ्रम पारेको हो । जादूगरले दृष्टिभ्रम पैदा गर्न सक्छन् रे। यो दृष्टिभ्रम एकजनालाई वा एकैचोटि एकभन्दा बढी मानिसलाई पनि गर्न सक्ने रहेछन्। जब दृष्टिभ्रम हुन्छ तब उनले जे भन्छन्, त्यही कुरा सत्य लाग्दछ, जुन वास्तवमा हुँदैन। अनि यसरी अनेकथरी उपाय गरेर दुनियाँलाई चकित बनाउने जादूगरका किस्सा समाजमा प्रचलनमा रहेका छन् । के पनि भनिन्छ भने जादूगरले आफ्नो जादूले मानिसलाई भेडा बनाउँछ ।

हो, सुन्नासाथ पैसा बनाउने कुरा वा मानिसलाई भेडा बनाउने कुरामा विश्वास लाग्दैन । मानिसलाई त भेडा बनाउनु भनेको सोझोसीधा मानिसलाई ठग्नु वा जे भन्यो तत्काल त्यही मान्न लगाउनु न हो ! पैसा बनाउने कुराको पनि यही आलङ्कारिक अर्थ हुनुपर्छ छोटो तरीकाले पैसा कमाउन सिकाउने होला हैन भने पैसा बनाउनेलाई त सरकारले समातिहाल्छ नि । जसरी पैसा बनाउने कुरा सार्थक र सत्य हुन सक्दैन, त्यसैगरी जादूगरका अन्य कुरामा पनि विश्वास गर्न सकिंदैन। हो, विज्ञानले पनि आफ्ना प्रयोग निश्चित वातावरणमा मात्र गर्न सक्दछ, सबै प्रयोग सबै ठाउँमा वा जहाँ खोज्यो त्यहीं सम्भव हुँदैन । त्यसैगरी जादूगरको कुरा पनि हो । जादूगरले आफ्नो प्रयोगशालामा बनाएको वातावरणमा साधारण मानिस पुग्दा विस्मित हुनु अस्वाभाविक होइन । जब मानिसको मनोविज्ञानलाई प्रभावित पार्ने वातावरण हुन्छ तब उसलाई जे देखाइन्छ वा जे देखिन्छ, त्यस वातावरणले उस्तै विश्वास गर्न बाध्य बनाउँछ । यद्यपि सबैले बुझेका छन् र धेरैलाई यही विश्वास छ कि जादू भन्ने कुरा केही हुँदैन र जादूगरले देखाएको कुरो विश्वासयोग्य हुँदैन ।

मञ्चमा नेताहरूले पनि भनिरहेका हुन्छन् कि नेताको हातमा जादूको छडी हुँदैन, घुमाउँदैमा देश विकास होओस् । यस भनाइले नेताको बोली र जादूमा केही सामञ्जस्य अवश्य ल्याउँछ । हो, नेताको बोलीमा धेरै भरोसा गर्नुहुँदैन किन भने उनीहरूले जे जस्तो सपना बाँडे पनि र जेजे भनेर आन्दोलन गराए पनि वा देशमा जुनजुन व्यवस्था ल्याए पनि वास्तवमा जनताले खोजेको परिवर्तन किन हुन सकेन ? देशमा राजनैतिक परिवर्तन त भयो वा भइरह्यो तर समाजको रूपान्तरण किन हुन सकेन ? वास्तवमा समाजको रूपापन्तरण हुँदै नभएको भने होइन, धेरै सामाजिक परिवर्तन त भएकै हुन् तर पनि जनताको अपेक्षा पूरा हुन नसक्नुको पछाडि नेताको बोली हो वा बोलीमा विश्वास गर्ने हामी हौं भन्ने प्रश्न अगाडि उभिएको छ ।

अहिले चुनाव आउँदैछ । चुनाव आउँदा नेताहरू जनताको घरदैलोमा निरन्तर पुगिरहन्छन्। यो क्रम चलिरहेको छ । अब चुनाव हुनमा दुई महीनाभन्दा पनि कम समय छ । यस्तो अवस्थामा गाउँघर पुगेका नेताहरूले अनेक मीठामीठा आश्वासन दिनेछन्। ती आश्वासनहरूको गुह्य थाहा पाउने हो भने अधिकांश आश्वासन तीसौं वर्ष पुराना हुन्छन् । सामाजिक कुरीति, कुसंस्कार र प्रशासनिक तथा राजनैतिक विकृतिलाई जस्ताको तस्तै जनताको अगाडि राख्छन् र आफूले सुधार गर्नेमात्र नभएर निमिट्यान्न पार्ने जादूमय सपना बाँड्छन्। मानौं जनता कुनै जादूगरको प्रयोगशालामा दर्शक हो र एउटा जादूगरले आफ्नो कला प्रदर्शन गरिरहेको छ र दर्शकहरू मन्त्रमुग्ध भई ताली बजाइरहेका छन् । तालीले जादूगर उत्साहित भइरहेको छ र झन् राम्रोराम्रो मन्तव्य दिइरहेको छ, तालीको गडगडाहट झन् बढिरहेको छ। जब कुनै जादूगरको शो समाप्त हुन्छ र दर्शक बाहिर निस्कछन् तब त्यहीं पहिलेका विस्मयकारी कुराहरू अहिले सामान्य लाग्न थाल्छ । हेर्दाको रमाइलो मात्र, वास्तविक जीवनसित खासै कुनै सरोकार नराख्ने र व्यावहारिक प्रयोगमा पनि आउन नसक्ने जादू हेरेर आएका दर्शकहरू केही समयको मनोरञ्जन मात्र ठान्न थाल्दछन्। चुनावको समयमा धेरै नेताको जादूमय मन्तव्य कुनै जादूगरको कामभन्दा बढी आकर्षक लाग्छ । त्यहाँ रहँदासम्म सबै कुरा हो नै, साँच्ची यही कुरो र यत्ति नै, यसभन्दा बाहिरका जम्मै असत्य हुन् जस्तो लाग्न सक्छ। यो जादूमय भ्रम हो र जादूमय भ्रमको घेराभन्दा बाहिर आइपुगेर आफैंलाई प्रश्न गर्दा लाग्दछ कि यी र यस्ता प्रश्नहरूको उत्तरको खोजी नागरिकले दशकौंदेखि गरिरहेका छन् । अहिले यस्तो मीठो बोल्ने नेताले पहिले किन अहिले भनेजस्तो काम गरेन भन्ने प्रश्न, बाहिर निस्केपछि बल्ल मनमा उम्रिन्छ ।

सबै नेता एकै किसिमका हुँदैनन् । निकै इमानदार नेता पनि छन् । असल नेताहरूकै कारण अझै पनि एकले अर्कोमाथि विश्वास गरिरहेका छन्। यस्ता नेताहरू सर्वत्र सम्मानका भागी छन् तर चुनावको बेला मात्र जनताको समस्या देख्ने तथा सबै सामाजिक–राजनीतिक र अन्यान्य समस्या समाधान गर्ने प्रतिबद्धता व्यक्त गर्ने नेताहरूको बोली उही जादूगरको जादूजस्तै हो। यही पृष्ठभूमिमा मेरा एक मित्र प्रश्न गर्दछन् – जादूगरको जादूमा विश्वास नगर्ने तपाईंलाई नेताको बोलीको अन्धभक्त बन्न मिल्छ ?

# बेनी-जोमसोम सडक : जोखिम मोलेर यात्रा गर्नुपर्ने बाध्यता

गलेश्वर, ५ असोज/रासस

राष्ट्रिय गौरवको कालीगण्डकी



कालीगण्डकी करिडोर अन्तर्गत बेनी–जोमसोम सडकखण्ड । तस्वीरः फाइल

करिडोर अन्तर्गत बेनी–जोमसोम सडकखण्डमा जोखिम मोलेर यात्रा गर्नुपर्ने बाध्यता छ । मुस्ताङलाई राष्ट्रिय राजमार्गसँग जोड्ने उक्त ७६ किलोमिटर सडकखण्डका विभिन्न ठाउँमा पहिरो गएर सडक साँघुरो भएपछि यस्तो समस्या उत्पन्न भएको हो ।

सडकखण्ड अन्तर्गत अन्नपूर्ण गाउँपालिका–३ रूप्से छहरा, काभ्रेभीर र बाँदरजुङ्गे भीरमा सडकको अवस्था अत्यन्त दयनीय र डरलाग्दो रहेको सो सडक हुँदै खाद्यान्न ढुवानीको व्यवसाय गर्दै आएका राज शर्माले बताए । यहाँ सामान्य वर्षा हुनासाथ ढुङ्गा, माटो र लेदोसहितको पहिरो खस्नुका साथै बाटो बगाउने र हिलो हुने समस्याले कतिबेला दुर्घटना हुने हो भन्ने भय रहिरहने बेनीबाट खाद्यान्नका सामान मुस्ताङ लैजाने तथा नियमितजसो सो सडकमा ओहोरदोहोर गरिरहने चालक तीर्थ विकले जानकारी दिए ।

वर्षाका कारण ढुङ्गा र माटोसहितको लेदो खसिरहेकाले ठाउँठाउँमा पहिरो जाने क्रम भने अझै नरोकिएकाले यात्रु तथा सवारीसाधनलाई आवश्यक सुरक्षा सावधानी अपनाएर यात्रा गर्न अनुरोध गरिएको जिल्ला प्रहरी कार्यालय, म्याग्दीले जनाएको छ । जिल्लाको तिल्केनीदेखि मुस्ताङको घाँसासम्म सडकको डिलतर्फ पहाडको खोंच छिचोलेर उर्लिंदै बगेको कालीगण्डकी र कुनातर्फ विशाल पहरा र भीरबाट आउने पहिरो रहेको बेनी–जोमसोम सडकखण्डको अधिकांश भाग खतरायुक्त छ ।

यो सडक २०६२/६३ सालमा तत्कालीन शाही नेपाली सेनाले ट्र्याक खोलेपछि सञ्चालनमा आएको हो । सडकमा खस्ने पहिरोले सवारीसाधनमा क्षति पुग्ने, यात्रुलाई चोट लाग्ने र आवतजावत बन्द हुँदा जोखिम, झन्झट र सास्तीपूर्ण बनेको हो। ७६ किलोमिटर दूरीको बेनी–जोमसोम सडकको म्याग्दी खण्डमा केही दिनयता दैनिकजसो यातायात अवरूद्ध हुने गरेको छ ।

बेनी–जोमसोम सडक कालीगण्डकी

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# ट्र्याक खुलेको २५ वर्षमा सडक कालोपत्र

दमौली, ५ असोज/रासस

तनहुँको व्यास नगरपालिका-५ मानुङकोट सडक ट्र्याक खुलेको २५ वर्षपछि कालोपत्र गरिएको छ। विसं २०५४ मा ट्र्याक खोलिएको मानुङकोट जाने सडक २५ वर्षपछि कालोपत्र भएको हो।



तस्वीरः सौजन्य

दमौली बजारबाट नजीकै मानुङकोट विगत तीन वर्षदेखि पर्यटकीय गन्तव्यका रूपमा विकास भइरहेको छ। कोभिड-१९ का बेला भएको बन्दाबन्दीका बीचमा मानुङकोट 'भाइरल' नै भएको थियो। त्यति बेला एकै दिनमा १० हजारभन्दा बढी पर्यटक मानुङकोट पुगेको तथ्याङ्क छ।

२०७५ साउन १७ गते सम्झौता भएर कालोपत्र थालिएकामा गत असार १५ गते कालोपत्र सम्पन्न भएको शहरी विकास मन्त्रालय अन्तर्गत सङ्घीय आयोजना कार्यान्वयन एकाइ कास्कीका प्रमुख सुरोज पौडेलले जानकारी दिए। रू सात करोड तीन लाखको लागतमा ४.६ किलोमिटर सडक कालोपत्र भएको हो। उक्त सडकखण्डमा ४.९ किलोमिटर नालीसमेत निर्माण गरिएको छ। कालोपत्र गर्न अप्ठ्यारो रहेको ठाउँमा १८० मिटर आरसिसी ढलान गरिएको छ। अझै दुई किलोमिटर सडकखण्ड कालोपत्र गर्न बाँकी छ।

मानुङकोट पर्यटकीय मोटरमार्गका अध्यक्ष वीरबहादुर थापाले विसं २०५४ सालमा खनिएको सडक अहिले बल्ल कालोपत्र भएको बताए। "अझै पनि बाटो कालोपत्र पूरा भइसकेको छैन, ठाउँठाउँमा अझै कालोपत्र बाँकी छ," थापाले भने। बाटो कालोपत्र नहुँदा मानुङ पुग्ने सर्वसाधारणलाई समस्या हुँदै आएकामा अब कालोपत्र सडकमा सजिलैसँग यात्रा गर्न पाइने थापाले बताए।

सडक कालोपत्र भएपछि मानुङकोट पुग्ने पर्यटकको सङ्ख्या बढेको छ। यसअघि कच्ची सडक हुँदा मानुङकोट जान पर्यटकलाई सास्ती हुँदै आएको थियो। कोभिड-१९ र बन्दाबन्दीपछि मानुङकोटमा पर्यटकको चहलपहल बढेको छ। "कालोपत्र सडकले मानुङकोटमा पर्यटक बढायो, पर्यटकको चहलपहल बढेपछि मानुङकोटमा होटल खुल्ने क्रम बढ्यो," श्रेष्ठले भने।

मानुङकोटमा पर्यटक बढेपछि गाउँ छाडेर शहर झरेका पनि पुनः मानुङकोट उक्लिएर व्यवसाय गर्न थालेका छन्। खानेपानीको अभावमा यहाँका स्थानीयवासीले गाउँ छाडेका थिए। बजारको प्रशोधित जार र ट्याङ्करको पानीले मानुङकोटमा अहिले पानीको विकल्प दिइरहेको छ।

खानेपानीको अभावमा विसं २०५२ मा मानुङकोट छाडेकी वसन्ती थापाले अहिले मानुङकोटमैं होटल सञ्चालन गर्दै आएकी छन्। मानुङकोटमा पर्यटकको चहलपहल बढेकाले दमौली छाडेर पुनः मानुङकोट उक्लिएको उनले बताइन्।

चीसो मौसम शुरू भएसँगै मानुङकोटमा पर्यटकको सङ्ख्या झनै बढ्छ। दमौली बजारले कुहिरोको घुम्टो ओढेर सूर्य उदाउँदाको दृश्य हेर्न लालायित आन्तरिक पर्यटक मानुङकोट पुग्छन्। यहाँबाट माछापुच्छ्रे, अन्नपूर्णलगायतका हिमशृङ्खला साथै सदरमुकाम दमौली बजार, मादी नदी, साँगे खोला र तनहुँ जलविद्युत्को ड्याम निर्माणस्थल एवं मनोरम दृश्य देख्न सकिन्छ।

# कपाल काटेरै तीनतले घर

चितवन, ५ असोज/रासस

सानै काम भएपनि निरन्तर लागिरह्यो भने सफलता मिल्छ भन्ने एक उदाहरण यहाँका सुरेश ठाकुरले देखाएका छन्। परिश्रम गर्न सके स्वदेशमा नै काम गर्न सकिन्छ भन्ने उदाहरण ठाकुरले देखाएका छन्। कपाल काटेरै उनले भरतपुरमा तीन तलाको घर बनाएका छन्।



त्यसो त उनका एक छोरा चार्टर एकाउन्टेन्ट उत्तीर्ण गरी काममा लागेका छन्। अर्का एक छोरा र एक छोरीले पनि उच्च शिक्षा हासिल गरिसकेका छन्। यो सबै ठाकुरको मेहनतको कमाइ हो। कलैया जिल्लाको देउताल गाउँपालिका-४ पिप्राडीका स्थायी बासिन्दा ठाकुरले स्थानीय विद्यालयबाट कक्षा १० उत्तीर्णपछि यो पेशामा लागेका हुन्। स्थानीयस्तरमा काम सिकेर छ महीना उनले भारतको दिल्ली पुगेर तालीम लिएका थिए।

विसं २०५० मा भरतपुरको तत्कालीन जिल्ला विकास समितिको जग्गामा रहेको सटरमा उनले कपाल काट्न शुरू गरे। त्यति बेला उनको उमेर १८ वर्षको थियो। उनले भने, "म मेरो फुपाजु रामकुमार ठाकुरसँग कपाल काट्ने कामका लागि चितवन आएँ।" २६ वर्ष त्यहीं ठाउँमा कपाल काटेपछि उनी अहिले केही पर सरेका छन्। यहाँ आएर शुरूमा नै आफैंले व्यापार थालेको उनी सम्झन्छन्। त्यति बेला दाह्री र कपाल काटेको रू १० लिने गरिन्थ्यो। अहिले यो मूल्य बढेर रू १७० पुगेको छ। त्यति बेला दैनिक ५० जनासम्मको दाह्री र कपाल काटेको उनलाई अनुभव छ।

अहिले यो सङ्ख्या ३०/३५ छ। आम्दानी हुँदै गएपछि बसाइँ चितवन बनाउने रहर उनमा जाग्यो। यहाँ कमाएको पैसाले वीरगंजमा जग्गासमेत किनिसकेका थिए। सन्तान हुर्कंदै गएपछि त्यहाँको घडेरी बेचेर भरतपुर महानगरपालिका-१२ मा घडेरी किने। सोही घडेरीमा उनको तीन तलाको घर ठडिएको छ। ४५ वर्षीय ठाकुरका जेठा छोराले स्नातक गरेर जागीर खान थालिसकेका छन्। कान्छो छोराले भारतको चण्डीगढबाट सिए उत्तीर्ण गरेर यही लेखापरीक्षण शुरू गरेका छन्। उनका छोरी कक्षा १२ पढ्दै छिन्। अहिले पनि निरन्तर कपाल काट्दै आएका ठाकुर मेहनत गऱ्यो भने यही कमाइ हुने बताउँछन्।

जीवनको झन्डै तीन दशक यो पेशामा सङ्घर्षरत ठाकुरले भने, "मेहनत गरेर काम गर्नुस् विदेशिनुपर्दैन।" कर्मथलो चितवन बनाएका ठाकुरको मेहनतको कमाइले स्थायी बसोबास भरतपुर बनेको हो। अहिले पनि उनको आफ्नै कमाइले परिवार धानेको छ। छोरीबाहेकको पढाइ खर्च घटेपछि र छोराको आम्दानी शुरू भएकाले अबका दिन यस्तै परिश्रम गरिरहनु नपर्ने उनी बताउँछन्।

# बजारले कलात्मक र व्यावसायिक फिल्मको मिश्रण खोजिरहेको छ -अभिनेता आचार्य

काठमाडौं, ५ असोज/रासस

अभिनेता हरिवंश आचार्यले कोरोना भाइरसको महामारीपश्चात् नेपाली फिल्म बजारमा बढी नै उतारचढाव देखिएको बताएका छन्। उनी अभिनीत फिल्म 'महापुरूष'को दोस्रो गीत 'बेमौसमी' सार्वजनिक गर्न आयोजित पत्रकार सम्मेलनमा अभिनेता आचार्यले केही फिल्म रेकर्ड बनाउने गरी सफल भएका र केहीले भने अपेक्षाभन्दा निकै कम व्यापार गरेको बताए।

अहिले कलात्मक र व्यावसायिक मूल्य बोकेका फिल्म बजारमा दर्शकले पर्खिरहेको विचार राखे। "अहिले दर्शकले कलात्मक र व्यावसायिक दुवै भएको फिल्म हेर्न खोज्नुभएको छ," उनले भने। नेपाली फिल्मको बढ्दो बजारलाई यस्ता अझै फाइदा पुऱ्याउने उनले बताए। केही समययता कलात्मक मूल्य बढी भएका फिल्ममा दर्शकको उपस्थिति कम देखिएको उनले बताए।




पत्रकार सम्मेलनमा अभिनेता आचार्य (बीचमा)लगायत। तस्वीरः रासस

# नेपाललाई जापानद्वारा करीब रु १६ अर्ब सहयोग

काठमाडौं, ५ असोज/रासस

नेपालको पूर्वी तराईस्थित चन्द्र नहर सिंचाइ प्रणालीको पुनर्स्थापना सुधार आयोजना कार्यान्वयन गर्न जापान सरकारले करीब रु दुई अर्ब अनुदान सहयोग प्रदान गरेको छ।

यसैगरी, काठमाडौं र पोखराको शहरी प्रसारण तथा वितरण प्रणाली सुधार आयोजना कार्यान्वयन गर्न जापानले रु १४ अर्ब २० करोड ऋण सहयोग प्रदान गरेको छ।

वार्षिक शून्य दशमलव शून्य एक प्रतिशत ब्याजदर रहेको सो सहुलियतपूर्ण ऋणको भुक्तानी अवधि ३० वर्ष र थप १० वर्ष ग्रेस अवधि हुनेछ।



तस्वीरः रासस

नेपालको तर्फबाट अर्थसचिव कृष्णहरि पुष्कर र सहसचिव ईश्वरीप्रसाद अर्याल तथा जापानको तर्फबाट यहाँस्थित राजदूत किकुता युताका र जाइका नेपालका प्रमुख प्रतिनिधि ओकुबो अकिमित्सुले आज अर्थ मन्त्रालयमा अनुदान तथा ऋण सहयोगसम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर गरे।

नेपालका लागि जापानी राजदूत युताकाले उपलब्ध सहयोगबाट नेपालको कृषि क्षेत्रको उत्पादकत्व वृद्धि गर्न र शहरी क्षेत्रको विद्युत् व्यवस्थापनमा सहयोग पुग्ने धारणा व्यक्त गरे।

# डेङ्गु सङ्क्रमण रोकथाम र नियन्त्रण गर्न एमालेको माग

काठमाडौं, ५ असोज/रासस

नेकपा (एमाले)ले डेङ्गु सङ्क्रमणको रोकथाम र नियन्त्रण गर्न सरकारसँग माग गरेको छ। पार्टी केन्द्रीय सचिव तथा स्वास्थ्य तथा जनसङ्ख्या विभागका प्रमुख योगेश भट्टराईले बुधवार विज्ञप्ति जारी गर्दै डेङ्गु सङ्क्रमणका अवस्था जटिल बन्दै गएको भन्दै रोकथाम र नियन्त्रण गर्न सरकारसँग माग गरेका छन्।



डेङ्गुको लार्भा नष्ट गर्दै स्वास्थ्यकर्मीहरूको टोली। तस्वीरः रासस

विज्ञप्तिमा उनले तीनै तहका सरकारलगायत विभिन्न सरकारी/गैरसरकारी निकायका बीचमा समन्वयात्मक परिचालन, सिटामोललगायतका औषधिको सहज उपलब्धताको माग गरे।

लामखुट्टे नियन्त्रणका लागि समुदायस्तरको परिचालन, बिरामीको पहिचान र परीक्षणलाई व्यापक र सहज बनाउन, अस्पतालको सेवा विस्तार गर्न, जनशक्ति र बजेट थप गर्नसमेत उनले आग्रह गरे।

नेता भट्टराईले देशव्यापीरूपमा फैलिएको डेङ्गु रोगका कारण उत्पन्न स्वास्थ्य प्रकोपका सम्बन्धमा पार्टीको ध्यानाकर्षण भएकोसमेत जनाए। पछिल्लो तथ्याङ्क अनुसार १७ हजार ५९४ जना प्रभावित र २१ जनाको निधन भएको छ। डेङ्गु रोगको फैलावटको तुलनामा सतर्कता, नियन्त्रण र उपचारमा सरकारसँग जुन तहको योजना, कार्यक्रम र सक्रियता हुनुपर्थ्यो, त्यसमा सरकार चुकेको उनको भनाइ छ।

उनले पार्टीका तहगत कमिटी तथा जनसङ्गठन र पार्टी सदस्यलाई समेत डेङ्गु रोग नियन्त्रणमा योगदान गर्न आह्वानसमेत गरे।

**वाग्मती प्रदेशमा एघारजनाको मृत्यु**

हेटौंडा/

वाग्मती प्रदेशमा डेङ्गु सङ्क्रमणबाट ११ जनाको मृत्यु भएको छ। स्वास्थ्य निर्देशनालय वाग्मती प्रदेशको तथ्याङ्क अनुसार उक्त सङ्क्रमणका कारण मकवानपुरसहित अन्य छ जिल्लामा गरी ११ जनाको मृत्यु भएको हो।

स्वास्थ्य निर्देशनालय वाग्मती प्रदेशका प्रमुख महेश्वर श्रेष्ठले डेङ्गुबाट काठमाडौंमा चार, ललितपुरमा दुई, सिन्धुपाल्चोकमा दुई, मकवानपुरका एक, सिन्धुलीमा एक र धादिङमा एकजनाको मृत्यु भएको जानकारी दिए।

यसैगरी, प्रदेशमा हालसम्म १३ हजार ३७५ जना डेङ्गुका बिरामी फेला परेको छ। त्यसमा सबैभन्दा धेरै ललितपुर जिल्लामा चार हजार ८७८ जना डेङ्गुका बिरामी फेला परेका छन्।


यसैगरी, काठमाडौंमा चार हजार ६७४, मकवानपुरमा एक हजार ८१०, भक्तपुरमा ७१३, चितवनमा ४२९ र धादिङमा ३९९ जना डेंङ्गुका बिरामी फेला परेको स्वास्थ्य निर्देशनालयले जनाएको छ।



पूर्व-पश्चिम महेन्द्र राजमार्गको निजगढ-पथलैया सडकखण्डको दुधौरा पुलनजीकै कारको पछाडिको टायर पन्चर भई ट्रकसँग ठोक्किंदा कारमा सवार दुईजना घाइते र मङ्गलवार राति सोही सडकखण्डमा ट्रक पल्टिंदा चालक र सहचालक दुवै सामान्य रहेको जिल्ला ट्राफिक प्रहरी कार्यालय, निजगढले जनाएको छ। राजमार्गका सडकमा खाडलहरू पर्दा रातिको समयमा चालकहरूले ट्राफिक नियम पालना नगर्दा यस्ता दुघर्टना हुने गरेका छन्। व्यस्त राजमार्गसम्म निकुञ्ज विस्तार गरेसँगै झनै दुर्घटना बढ्ने गरेको छ। तस्वीरः जीतलाल श्रेष्ठ

# नेपाल–चीन सम्बन्धमा थप सुदृढ, नयाँ आयाम

स्वतन्त्र विचार



सुदर्शनराज पाण्डे

**चिनियाँ नागरिक अति अनुशासित भएको र राजनीतिक स्थिरता रहेकै कारण वर्तमान विश्वमा चीन अब्बल राष्ट्र बन्न पुगेको छ । चीन कसैसँग निहुँ खोज्दैन, आइलाग्नेमाथि जाइलाग्न पनि बेर लगाउँदैन ।**

आजको मितिसम्म नेपाल–चीन सम्बन्ध स्थिर, सुदृढ, सन्तुलित नै मान्नुपर्दछ । विश्व राजनीति र कूटनीतिमा अनेकौं उतारचढाव र जटिलता थपिंदै गएका छन् तापनि असल छिमेकी राष्ट्र चीनले नेपालप्रति शान्त कूटनीति मर्यादालाई कायम राखेको छ। नेपालको भूराजनीति परिस्थितिप्रति गहिरो चिन्ता र चासो राख्दै नेपालको भूराजनीति सुरक्षामा आवश्यक मदत गर्दै आएको छ । नेपालमा केही वर्षयतादेखि भारत र अमेरिकाको आवश्यकताभन्दा निकै बढी राजनीति, कूटनीति प्रभाव, दबाब, अवाञ्चित हस्तक्षेप र नियन्त्रण देखाउँदै आएको छ। चीनले नेपाालको एक चीन नीतिप्रति आभार व्यक्त गर्दै आइरहेको छ। विश्व साम्राज्यवाद 'एक चीन नीति', बिआरआई नीति भत्काउन हरतरहले प्रयास गरिरहेको छ। केही वर्षदेखि नेपाल भ्रमणामा चीन र अमेरिकी पदाधिकारीहरूबीच प्रतिस्पर्धा चलिरहेको छ । नेपालका देशभरका भित्ताहरूमा अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवाद मुर्दाबाद भनेर लेखिएका छन् तर खुशीको कुरा असल मित्रराष्ट्र चीनको विरोधमा शहर–बजार, गाउँघरका भित्तामा आजसम्म नारा लेखिएको पाइँदैन। यो उदाहरणीय छ। चीन नेपालसँगको सम्बन्ध बिग्रिन नदिन हरसम्भव सतर्क छ। चीनले सीमानाका बन्द र कतिपय स्थानमा सीमा अतिक्रमण गरेकामा केही विरोध भने भएका छन्। नेपालले आजसम्म असंलग्न परराष्ट्र नीतिलाई टिकाइरहेको छ। पछिल्लोपटक गठबन्धन नेपाल सरकार र सङ्घीय लोकतान्त्रिक गणतन्त्र संसदीय व्यवस्थाका हिमायती जमातहरूले अमेरिकासँग सार्वभौम देशभक्त नेपाली जनताको चर्को विरोधको बावजूद एमसिसी सम्झौता गरेपछि चीन नेपालप्रति बढी सशङ्कित भने बनेको छ। त्यसपछि नेपालमा राजनीतिक सङ्कट र कूटनीतिक सङ्कट पनि बढेको छ। आर्थिक सङ्कट पनि बढेको छ। ठूलठूला प्राकृतिक सङ्कट हुने सम्भावना र अनुमान पनि छ।

प्राकृतिक सङ्कट नेपालमा पर्‍यो भने दौत्य सम्बन्ध भएका देशहरूको आर्थिक र भौतिक सहयोगविना नेपाल एक्लैले आइपरेको सङ्कटको सामना गर्न सक्दैन। त्यसैले नेपालको भूराजनीतिक सुरक्षा र असंलग्न परराष्ट्र नीतिको सन्तुलन अनिवार्य छ । नेपालको भूराजनीति अवस्था गम्भीर र संवेदनशील छ। भारत र अमेरिकाको वर्तमान सम्बन्धले विश्वको आर्थिक शक्तिशाली राष्ट्र चीनलाई घेरामा हालेर आर्थिक उन्नति, प्रगतिमा बाधा उत्पन्न गराउनेछ । दुई विशाल छिमेकी राष्ट्र चीन र भारतको बीचमा अवस्थित नेपाल सामरिक महत्त्वको दृष्टिले विशिष्ट महत्त्वको छ। भारत र अमेरिका मिलेर नेपाल भूमिको दुरुपयोग गरेर चीनलाई दुःख र सास्ती दिन खोज्दैछन्। चीन, भारत र अमेरिका एकापसमा रुष्ट र चिढिए भने जतिसक्दो छिटो तेस्रो विश्वयुद्ध नेपालबाटै सुरुआत हुने अडकल पनि द्वन्द्व विशेषज्ञहरूले गरेका छन् । नेपालका केही दलका नेता र सरकारी पदाधिकारीहरू डबल एजेन्ट बनेर, स्थिर दृष्टिकोण, विचार बोकेर चीन–अमेरिका सम्बन्ध बिगार्न मडारिरहेका छन्। चीन र भारत अलग–अलग राजनीतिक विचार र सिद्धान्त भएका देश हुन्। अमेरिकालाई हेर्ने चीनको नीति बेग्लै छ। चीन कम्युनिस्ट शासित राष्ट्र हो। अमेरिका दलाल पूँजीवादको नाइके देश हो । नेपालको संसद्वाद अपरिपक्व, अस्थिर र कमजोर व्यवस्था हो । नेपालका सत्तासीनहरूमा दलाल प्रवृत्ति र ढुलमुले नीति छ। प्राचीन देश, सार्वभौम भनिने देश, कसैको आजसम्म उपनिवेश नभएको देश, अहिले भित्री, व्यावहारिकरूपमा घोषित उपनिवेश बन्ने हो कि भन्ने महा डर देखिंदैछ । अब पशुपतिनाथले पनि नेपालको स्वतन्त्र अस्तित्वको रक्षा गर्न नसक्ने हुन् कि ? देशभक्त क्रान्तिकारी, स्वाभिमानी नेपालीहरू भनेर कुर्लने, बुर्लुक्क बुर्लुक्क उफ्रनेहरू देशको अस्तित्व मेटिन गएकामा साक्षी किनारा बन्ने हुन् कि भन्ने सम्भावित खतरा पनि उत्पन्न हुँदैछ । भोलि कहाँ, के, कसो हुन्छ अहिले अनुमान गरेर बीचबचाव गर्ने प्रशस्त ठाउँ छ । असंलग्न परराष्ट्र नीतिलाई मूल नीति बनाएर बलियोसँग पकडिने र देशैभर देशभक्त नेपाली बनाउने अभियान शुरू गरिहाल्ने हो भने नेपाल राष्ट्र निर्माण विश्वकै नमूना बन्छ । त्यतिखेर सुखी नेपाली, समृद्ध नेपालको चाहनाले मूर्तरूप लिनेछ। समयले कसैलाई पर्खंदैन। समय हुँदैमा उपयुक्त र ठोस कूटनीति सम्बन्ध बनाउन सम्पूर्ण देशभक्त विकासप्रेमी नेपाली जुर्मुराउनुपर्दछ । हामीलाई अमेरिका, चीन र भारतको विवादरहित, सशर्तरहित निस्स्वार्थ आर्थिक सहयोगको खाँचो छ । नेपालले त्यतिखेर विश्व कल्याणको नारासहित विश्व शान्ति कायम राख्न महत्त्वपूर्ण भूमिका खेल्नुपर्दछ। अमेरिका, भारत र चीनले नेपालको चाहना र कामनालाई सधैंभरि सम्मान गर्न सक्नुपर्दछ । छिमेकीहरूको स्वार्थरहित सौहार्दपूर्ण विकास ऋण र अनुदानको नेपालले सदैव स्वागत गर्दछ। नेपालको विश्वास अमेरिका, भारत, चीनसँग सदैव रहनेछ । नेपाल सानो भएपनि यसको मुटु विशाल र जीवन्त हुन सक्छ । नेपालभूमि प्रयोग गरेर चीनलाई दुःख, सास्ती दिने नीति गलत नीति हो । विश्वमा अशान्ति र द्वन्द्व बढाउने कारक कुरा हो। नेपालको अडान र परिस्थिति–वस्तुस्थिति सबैले बुझ्न जरुरी छ । नेपालले विश्वशान्ति निर्माणमा खेल्दै आएको अग्रणी भूमिकालाई कसैले पनि थिचोमिचो पार्न हुँदैन ।

नेपालको पाँच दिने औपचारिक भ्रमणमा आएका चीनका राष्ट्रिय जनकङ्ग्रेस स्थायी समितिका अध्यक्ष ली चान्सुले नेतृत्व गरेको ६७ सदस्यीय उच्च भ्रमण टोली सौहार्दपूर्ण भ्रमण गरेर गत बुधवार फर्किएको छ। नेपालका राष्ट्रपति र चीनका जनकङ्ग्रेसका अध्यक्षबीच शिष्टाचार भेट भएको छ। एकअर्काको शुभचिन्तक एवं असल छिमेकी राष्ट्र चीनको उच्चस्तरीय भ्रमण टोलीले नेपालको एक चीन नीतिप्रति आभार व्यक्त गरेर कोभिड–१९ सङ्क्रमण फैलिएसँगै बन्द रहेको सीमानाका खोलेर गएकोमा नेपालीहरूले धन्यवाद दिनैपर्छ। भ्रमण टोलीलाई राजधानी शहर काठमाडौंमा नेपालीहरूले भव्य स्वागत गरे । चिनियाँ भ्रमण टोली प्रफुल्ल मन र गहिरो विश्वास लिएर फर्किएको छ। यो निकै कूटनीति उपलब्धि हो । अब द्विपक्षीय र बहुपक्षीय सहयोग आदानप्रदानमा थप वृद्धि हुने निश्चित छ। अब ग्यारेन्टीका साथ भन्न सकिन्छ नेपाल–चीन सम्बन्धमा थप सुदृढता र नयाँ आयाम थपिनेछ। नेपाल–चीनबीच जनस्तरमा पनि आत्मीय सहयोग र सद्भाव नमूनायोग्य छ । नेपाल र चीनबीचको व्यापार र आपसी सहयोग, आर्थिक सहयोग पनि बढ्दै गएको छ । यस प्रकारको उच्चस्तरीय सौहार्दपूर्ण, मैत्रीपूर्ण औपचारिक भ्रमणले राजनीति र कूटनीतिक लाभ पनि हासिल गर्दछ। दुई देशबीच रहिआएको बहुआयामिक सम्बन्ध राष्ट्रिय जनकङ्ग्रेसको स्थायी समिति अध्यक्ष ली चान्सु शक्तिशाली चीनका राष्ट्रपति सी जिनपिङका अति विश्वासिला व्यक्तित्व हुन्।

राष्ट्रिय कङ्ग्रेसका अध्यक्ष एवं चीनको वरीयताक्रममा तेस्रो उच्च व्यक्ति ली चान्सुले नेपाल भ्रमणका अवसरमा नेपाल भ्रमणको उद्देश्य, द्विपक्षीय सहमति र सम्झौता कार्यान्वयन गर्ने रहेको उल्लेख गर्दै सन् २०१९ अक्टोबरमा चीनका राष्ट्रपति सी जिनपिङले गरेको नेपालको औपचारिक भ्रमण ऐतिहासिक र अत्यन्तै महत्त्वपूर्ण रहेको बताए । एक अर्ब ३० करोड जनसङ्ख्या रहेको, गरीबी उन्मूलनन भएको अति विकसित र शक्तिशाली राष्ट्र चीनले नेपाललाई दुःख, पीरमर्का परेको बेला सदैव सुहृदयले सक्दो सहयोग गर्दै आइरहेको र गरिरहने विश्वास लिन सकिन्छ। नेपालको उत्तरी सिमाना वारपार चीनले ढाकेको छ । काठमाडौंसम्म चीन–नेपालबीच रेलसेवा सञ्चालनका लागि तयारी भइरहेको छ। कोदारी, रसुवागढीलगायत धेरै ठाउँमा नेपाल–चीनबीच व्यापारिक भन्सार नाका जोडिएका छन् । नेपालमा चीनमा उत्पादित वस्तुहरूको माग र बिक्री बढ्दो छ। चिनियाँ स्याउ नेपाल हुँदै भारतसम्म पुग्दैछ । फरक–फरक अर्थ राजनीति, सामाजिक एवं सांस्कृतिक संरचना तथा आर्थिक विकासको असमान चरणमा रहेका विभिन्न छिमेकी देशसँग कूटनीति सम्बन्धलाई समयसापेक्ष सन्तुलित राख्दै विस्तार र विकसित गर्ने विषय पनि चीनका लागि कम चुनौतीपूर्ण छैन । तापनि चीनले सबैसँग शान्तिपूर्ण सम्बन्ध सहज ढङ्गले राख्दै आएको छ। यो चीनको कूटनीतिक सफलता र गौरवको विषय हो। चिनियाँ नागरिक अति अनुशासित भएको र राजनीतिक स्थिरता रहेकै कारण वर्तमान विश्वमा चीन अब्बल राष्ट्र बन्न पुगेको छ। चीन कसैसँग निहुँ खोज्दैन, आइलाग्नेमाथि जाइलाग्न पनि बेर लगाउँदैन ।

चीनले पछिल्लोपटक छिमेकी नीति सम्बन्धमा प्रस्टचाउँदै आएको छ । छिमेकीसँग अभूतपूर्व अन्तर्क्रियात्मक रूपमा हाम्रो आर्थिक र व्यापारिक सम्बन्ध नजीक भइरहेको छ । यसले हामीसँग अझ बढी सक्रियताको माग गर्छ । यो सबै कुरा र तिनको परिप्रेक्ष्यले चीनको छिमेक नीति निर्धारण र परिचालन भइरहेको बुझ्न सकिन्छ । पश्चिमा राष्ट्रहरू, विशेषगरी अमेरिकाले तिब्बत र ताइवान कार्डमार्फत चीनको विकासमा जतिसुकै अवरोध पार्न खोजे पनि ती सबै पानीका फोका साबित हुनेछन् । चीनलाई प्रकृतिले वरदान नै दिएको छ। त्यहाँ विज्ञान, प्रगति र उन्नति बेपरवाहसँग फस्टाउँदै गएको छ। छिमेकी राष्ट्रको नागरिक भएको नाताले खुशी हुनु स्वाभाविक हो। नेपाल–चीन सम्बन्ध अमर रहोस् । शान्तिपूर्ण मित्रताले निरन्तरता पाइरहोस् ।



सुर्खेतको पञ्चपुरी नगरपालिका–१०, गल्फामा बाढीले खानेपानीको मुहान बगाएपछि खोला बगरमा पानी भर्दै स्थानीय । तस्वीरः रासस

# ट्रायल परीक्षामा नयाँ नियम लागू

प्रस, वीरगंज, ५ असोज/

यातायात कार्यालय वीरगंज सवारी चालक अनुमतिपत्र लिनेसँग लिखित र ट्रयाल परीक्षा लिने गरेकामा



तस्वीरः प्रतीक

लाइसेन्समा बुधवारदेखि नयाँ नियम लागू भएको छ। सो कार्यालयले सवारी चालक अनुमतिपत्रका लागि लिंदै आएको ट्रायल परीक्षामा आजदेखि नयाँ नियम लागू गरेको हो ।

अब ट्रयाल दिनेले ७० अङ्क ल्याएमा परीक्षा पास गरेको मानिनेछ। यसअघि शतप्रतिशत अङ्क ल्याउनुपर्ने प्रावधान थियो ।

यातायात कार्यालय लाइसेन्सले लिखित परीक्षामा ६० अङ्क र ट्रयालमा सय अङ्क ल्याउनुपर्ने नियम थियो। आजबाट ट्रयालमा ७० प्रतिशत ल्याउने पास भएको सो कार्यालयले जनाएको छ । मोटरसाइकल, स्कूटी, टेम्पो, इरिक्शा अनि कार, जीप, भ्यानमा यो नियम लागू भएको छ । सो कार्यालयले हाल एक दिनमा हजारजनासम्मको ट्रयाल परीक्षा लिंदै आएको छ। नयाँ नियमपछि फेल हुने सङ्ख्यामा कमी आउनेछ ।

# पटेर्वासुगौलीमा अभिमुखीकरण

प्रमोद यादव, पंचगावाँ, ५ असोज/

पटेर्वासुगौली गाउँपालिका–४ नेपाल राष्ट्रिय माध्यमिक विद्यालय सुगौली




तस्वीरः प्रतीक

दापको प्राङ्गणमा युनिसेफ नेपालको आर्थिक सहयोगमा नेपाल शिक्षा समूह र भूकम्प प्रविधि राष्ट्रिय समाजको समन्वयमा दुई दिने सिकाइ निरन्तरता अभियान तथा अभिभावक शिक्षा विषयक अभिमुखीकरण कार्यक्रम बुधवारदेखि सञ्चालन भएको छ ।

कार्यक्रममा पटेर्वासुगौली गापाका १२ वटा सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक र छात्रछात्रा सहभागी छन् ।

कार्यक्रममा निचुटा माविका प्रअ श्याम घिमिरेले सबै तहका शिक्षक निर्देशिका विद्यालयमा उपलब्ध नहुँदा कतिपय विद्यालयमा पाठ्यक्रम र विषयगत सीपको अभाव रहेको बताए ।

वनदेवी आधारभूत विद्यालयका प्रअ सुभाषप्रसाद थारूले पटेर्वासुगौली गापाका प्राथमिक तहका विद्यालयमा इन्टरनेट, ल्यापटप, डेस्कटप कम्प्युटर नहुँदा विद्यालयका सबै गतिविधि अनलाइन गर्न असुविधा भएको बताए । विद्यालयको वातावरण प्रविधिमैत्री नबनेको अवस्थामा विभागले विद्यालयको तथ्याङ्क समय–समयमा अद्यावधिक भएन भनेर सुविधा रोक्ने चेतावनी दिएकोतर्फ उनले ध्यानाकर्षण गराए ।

शिक्षा विकास तथा समन्वय एकाइ कार्यालय, पर्साका शिक्षा अधिकारी फतबहादुर श्रेष्ठले कक्षा ४, ७, ९ को नयाँ पाठ्यपुस्तक र पाठ्यक्रम परिवर्तन भएकाले विद्यालयमा पढाउने शिक्षकलाई सजिलो बनाउन र निरन्तर पढाइ कार्यक्रम सबैलाई सजिलो होस् भनी विद्यालयका सरोकारवालाहरूको उपस्थितिमा कार्यक्रम सञ्चालन गरिएको बताए ।

कार्यक्रममा सहभागीहरूलाई समन्वय एकाइ अधिकारी श्रेष्ठ र मित्रदेवप्रसाद यादवले दुई दिनसम्म प्रशिक्षण दिनेछन् । उद्घाटन सत्र पटेर्वासुगौली गापाका शिक्षा शाखा प्रमुख शम्भु साहको अध्यक्षतामा भएको थियो।

# विद्यालय व्यवस्थापन समिति गठन भएन

प्रस, पर्सागढी, ५ असोज/

पर्सागढी नगरपालिका–४ स्थित




नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, बर्वाछटैलीमा बुधवार विद्यालय व्यवस्थापन समिति गठन कार्य स्थगित भएको छ ।

विद्यालय व्यवस्थापन समिति गठनका लागि आज अभिभावक भेला बोलाइएको थियो ।

पर्सागढी नगरपालिकाका शिक्षा शाखा प्रमुख प्रदीप चौरसियाको अध्यक्षतामा बसेको बैठकले छलफल गर्‍यो तर समिति निर्माण गर्न भने सकेन र स्थगित भयो । विद्यालय व्यवस्थापन समितिको अध्यक्षका आकाङ्क्षीहरूले आफ्ना छोराछोरीलाई संस्थागत विद्यालयमा पढाउने गरेको र समितिको अध्यक्ष हुनका लागि सामुदायिक विद्यालयमा नाम मात्र लेखाएको पाइएपछि सो विषयमा विवाद भएको थियो ।

कार्यक्रमको सहजीकरण आधारभूत प्रावि बागवन्नाका प्रअ जोगिन्द्र पञ्जियारले गरेका थिए भने स्वागत प्रअ रामबहादुर चौधरीले गरेका थिए ।

# अन्तर्राष्ट्रिय समाचार

## पाकिस्तानमा डेङ्गुबाट २७ जनाको मृत्यु

इस्लामाबाद, ५ असोज/सिन्हवा

पाकिस्तानमा डेङ्गु ज्वरोको फैलावट लगातार बढिरहेको छ। यो महीना देशको दक्षिणी प्रान्त सिन्धमा हालसम्म डेङ्गु सङ्क्रमणको कारण २७ जना बिरामीको मृत्यु भएको प्रान्तीय स्वास्थ्य विभागले जनाएको छ।


बाढीबाट प्रभावित पाकिस्तानको दक्षिणी प्रान्त सिन्ध। तस्वीर: सिन्हवा

यस सङ्क्रमणको कारण मृत्यु भएका सबै सिन्ध प्रान्तको प्रान्तीय राजधानी अर्थात् देशको सबैभन्दा ठूलो शहर कराँचीमा भएको बताइएको छ। पछिल्लो २४ घण्टामा सिन्ध प्रान्तमा कुल ३५३ जना नयाँ सङ्क्रमित भएका विभागले मङ्गलवार साँझ जानकारी दिएको छ।

सेप्टेम्बरमा बिरामीको सङ्ख्या तीन हजार ५९४ पुगेको छ। वर्षभरि कुल बिरामीको सङ्ख्या छ हजार १६३ पुगेको छ।

उत्तरपश्चिम खैबर पख्तुनख्वा प्रान्तमा पछिल्लो २४ घण्टामा २८४ जनालाई डेङ्गु सङ्क्रमण भएको प्रान्तीय स्वास्थ्य विभागले जनाएको छ।

यस वर्ष खैबर पख्तुनख्वा प्रान्तमा एक हजार ७२९ सक्रिय सङ्क्रमितको सङ्ख्या रहेको छ। कुल सङ्क्रमितको सङ्ख्या पाँच हजार २६४ पुगेको बताइएको छ। यसबाहेक, पूर्वी पञ्जाब प्रान्तमा पछिल्लो २४ घण्टामा २१५ जना सङ्क्रमित भएका प्रान्तीय स्वास्थ्य अधिकारीले मङ्गलवार बिहान जानकारी दिएका छन्।

पञ्जाबको राजधानी लाहोरमा १०५ जना सङ्क्रमित भएका छन्। रावलपिन्डी शहरमा ५४ जनामा सङ्क्रमण देखिएको छ। यस वर्ष रावलपिन्डीमा कुल सङ्क्रमितको सङ्ख्या तीन हजार ६४५ पुगेको छ।

यसैबीच २४ घण्टाको समयावधिमा अर्थात् मङ्गलवार साँझसम्म पाकिस्तानका विभिन्न भागमा परेको मुसलधारे वर्षापछिको बाढीमा परी कम्तीमा १० जनाको मृत्यु भएको राष्ट्रिय प्रकोप व्यवस्थापन प्राधिकरण (एनडिएमए)ले जानकारी दिएको छ।

बाढीसम्बन्धी छुट्टाछुट्टै घटनामा ज्यान गुमाउनेमध्ये चारजना बालबालिका र दुईजना महिला रहेको एनडिएमएले मङ्गलवार जनाएको छ। देशको सबैभन्दा बढी प्रभावित क्षेत्र दक्षिणी सिन्ध प्रान्तमा नौजनाको मृत्यु भएको छ। त्यसपछि दक्षिणपश्चिमी बलुचिस्तान प्रान्तमा एकजनाको मृत्यु भएको जनाइएको छ।

एनडिएमएले मङ्गलवार राति सार्वजनिक गरेको विवरण अनुसार देशका छुट्टाछुट्टै स्थानमा भएका बाढीसम्बन्धी घटनामा एक हजार ५६९ जनाको मृत्यु भएको छ। बाढीजन्य भवितव्यमा परी १२ हजार ८६० जना घाइते भएका छन्।

यस प्रकोपले ५० हजार ९४० घर क्षतिग्रस्त पारेको समाचारमा जनाइएको छ। बाढी प्रभावित क्षेत्रमा प्राधिकरण, अन्य सरकारी संस्था, स्वयंसेवी र गैरसरकारी संस्थाले उद्धार तथा राहत सामग्री वितरणलाई निरन्तरता दिइरहेका छन्। रासस

## युरोपलाई कोभिडको नयाँ लहरका लागि तयार रहन आग्रह

दी हेग, ५ असोज/सिन्हवा/

युरोपियन मेडिसिन एजेन्सी (इएमए)ले युरोपमा कोभिड-१९ को नयाँ लहर आउन सक्ने भन्दै त्यसका लागि तयार रहन आग्रह गरेको छ।

सो एजेन्सीले कोभिड-१९ को महामारी पूर्णरूपमा टरेको नभएर अहिले केही कम मात्र भएको भन्दै युरोपमा अर्को लहर आउन सक्ने भएकाले तयार रहन भनेको हो।

मङ्गलवार युरोपियन मेडिसिन एजेन्सीले युरोपका देशमा अहिले महामारी कम भएको देखिएको छ भन्दै तर पनि महामारी अहिले घटेको भएपनि यहाँका नागरिकमा यसको प्रकोप भने नघटेको बताएको हो।

युरोपियन मेडिसिन एजेन्सीका प्रमुख म्याक्रो क्याबलेरीले सो कुरा बताएका हुन्। उनले भने, यहाँका देशहरूमा अहिले कोभिडको सङ्क्रमण घटेको पाइएको छ। युरोपेली देशले आगामी दिनमा यो महामारीको अर्को लहर आउन सक्छ भनेर यसबाट बच्ने उपायको तयारीमा लाग्नुपर्छ।




उनले युरोपमा आगामी शरद ऋतुमा यसको प्रकोप थप बढ्न सक्ने पनि बताएका छन्। उनले गएका दुई वर्षदेखि यो ऋतुमा कोभिडको महामारी बढेको पाइएकाले अब आउने सो ऋतुमा पनि महामारीको प्रकोप बढ्न सक्छ भन्ने हिसाबको तयारी गर्नुपर्ने बताए।

उनले पहिलेका वर्षका तुलनामा पछिल्लो समयमा विकसित भएका कोभिडका नयाँ प्रजातिको प्रभाव झन् धेरै देखिएकाले पनि यो प्रकोपबाट हुन सक्ने क्षतितर्फ सचेत रही तयारीका साथ रहन आग्रह गरेका हुन्। रासस

## ब्रजीलमा कन्टेनर डिपो भत्कँदा नौजनाको मृत्यु

साओपाउलो, ५ असोज/सिन्हवा

ब्रजीलको दक्षिणपूर्वी राज्य साओपाउलोको इटापेसेरियाका दा सेरा शहरमा मालसामान निर्यात गर्ने व्यवसायीलाई कन्टेनर बेच्ने र भाडामा उपलब्ध गराउने कम्पनीको ‘कन्टेनर डिपो’को एउटा भाग भत्कँदा नौजनाको मृत्यु भएको छ भने अन्य २८ जना घाइते भएका छन्।


तस्वीर: सिन्हवा

दुर्घटनाका बेला करीब ६४ जना कर्मचारी कन्टेनरमा रहेको त्यहाँको वारुणयन्त्र विभागका प्रवक्ता लुसियाना सोरेसाले बताइन्। भग्नावशेषबाट घाइतेहरूको उद्धार गरिएको उनले बताइन्।

यही असोज १६ गते हुने स्थानीय उपप्रमुखका दुई स्थानमा हुने निर्वाचनमा मत माग्न उम्मेदवारद्वय एली सान्तोस र जोन्स डोनिटजले प्रचार अभियानका क्रममा डिपोका कर्मचारीसँग परामर्श गरेका थिए।

डिपोमा जम्मा भएका कामदारले उनीहरूलाई बिदाइ गरिरहँदा ढलानको संरचनाको भाग भत्केर दुर्घटना भएको सरकारी अधिकारीले बताएका छन्। रासस

### आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | उदरपीडा | वृष | राज्यलाभ |
| मिथुन | धनखति | कर्कट | सुयश |
| सिंह | खर्चवृद्धि | कन्या | धनलाभ |
| तुला | सफलता | वृश्चिक | अलमल |
| धनु | वादविवाद | मकर | व्यापारवृद्धि |
| कुम्भ | अलमल | मीन | कार्यनाश |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


### रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसो: ३:४० बजे


## तेली कल्याण समाजको वीरगंजमा राष्ट्रिय भेला

# राजनीतिमा पहुँच बढाउन मन्त्री साहको सल्लाह

प्रस, वीरगंज, ५ असोज/

तेली कल्याण समाज नेपालको तेस्रो राष्ट्रिय भेला बुधवार वीरगजंमा सम्पन्न भएको छ।


तस्वीर: प्रतीक

कार्यक्रमको उद्घाटन मधेस प्रदेशका अर्थमन्त्री शैलेन्द्र साहले गरेका थिए। उनले तेली समाजको पहुँच राजनीति क्षेत्रमा नभएसम्म समाजको विकास नहुने बताए।

घण्टाघरमा आयोजित भेलामा बोल्दै मन्त्री साहले समाजमा परिवर्तन ल्याउनका लागि शिक्षा क्षेत्रमा जोड दिन आग्रह गरे। शिक्षाको विकास नभएसम्म राजनीतिमा पहुँच बढ्न नसक्ने बताउँदै मन्त्री साहले समाज विकासको लागि शिक्षा क्षेत्रमा पहुँच बढाउन स्वजातीय समाजलाई सुझाए। उनले मधेस सरकारले ओबिसीबारे अध्ययन तथा अनुसन्धानका लागि रु पाँच करोड विनियोजन गरेको बताए। मधेसमा बसोवास सबै समुदायको सही तथ्याङ्कका लागि सरकारले यो लगानी गरेको उनले प्रस्टचाए। उनले मधेस प्रदेशमा कुल जनसङ्ख्याको चार प्रतिशत तेली समुदायको रहेको बताए।

तेली कल्याण समाजका केन्द्रीय अध्यक्ष शैलेन्द्र साहको अध्यक्षतामा भएको कार्यक्रममा सांसद प्रमोद साह, संविधानसभा सदस्य अरविन्द साह, प्रदेशसभा सदस्य राजेश्वर साह, बिहारका सांसद लालबाबू साह, मधेसी आयोगका सदस्य रेणु साह, जगदीशप्रसाद साह, विश्वनाथ साह, कुम्हाल समाजका केन्द्रीय सदस्य सीताराम पडित, सुढी समाजका अध्यक्ष अशोक महासेठ, डा बालकिशोर साहलगायतले मन्तव्य व्यक्त गरेका थिए। कार्यक्रमको सहजीकरण समाजका पर्सा अध्यक्ष ध्रुव साह तथा शिवचन्द्र साहले गरेका थिए।

## किशोरी शिक्षा प्रभावकारी बनाउन अन्तर्क्रिया


तस्वीर: प्रतीक

प्रमोद यादव,पंचगावाँ, ५ असोज/

पटेर्वासुगौली गाउँपालिका-५ नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, निचुटाको सभाहलमा सामाजिक संस्था जिल्ला समन्वय समिति पर्साको आयोजनामा किशोरी शिक्षा प्रभावकारी बनाउन तीन पालिकाका प्रधानाध्यापकहरूसँग अन्तर्क्रिया भएको छ।

सखुवाप्रसौनी, पटेर्वासुगौली, जीराभवानी गापाका २८ वटा विद्यालयका प्रधानाध्यापकहरूको सहभागितामा आयोजित अन्तर्क्रियामा शिक्षा विकास तथा समन्वय एकाइ कार्यालय, पर्साका शिक्षा अधिकारी फतबहादुर श्रेष्ठले विद्यालयबाहिर रहेका किशोरीहरूलाई नौ महीना किशोरी शिक्षा केन्द्रमा अध्ययन गराइ विद्यालय भर्ना गराएको तर उनीहरू नियमित विद्यालय नआउने गरेका र कतिपय बालबालिका ड्रप आउट हुने गरेकामा चिन्ता व्यक्त गरे।

उनले नियमित विद्यालय नआउने र विद्यालय आउन छाडेका त्यस्ता किशोरीहरूलाई विद्यालय ल्याउने र शिक्षामा उनीहरूको सहभागिता बढाउने विषयमा भूमिका खेल्न सुझाए। उनले

(बाँकी अन्तिम पातामा)

## नेपाल टेलिकमको लापरवाही

प्रस, वीरगंज, ५ असोज /

नेपाल टेलिकमको लापरवाहीका कारण उपभोक्ता मर्कामा परेको गुनासो बढेको छ। टेलिकमको कार्यालय वा १४९८ मा गुनासो गरे पनि समस्या समाधान नहुने गरेको त्यसका ग्राहकहरूको गुनासो छ।

वीरगंज-१२ का मुन्ना रौनियारले रु २६५ मा २८ दिनको लागि ५२० मिनेटको ‘अल भ्वाइस प्याकेज’ सेवा लिएकोमा २०० मिनेट र चार दिन समय बाँकी र हँदै सेवा बन्द गरिएको गुनासो पोखे।

उनले १४९८ तथा वीरगंजस्थित नेपाल टेलिकमको कार्यालयमा गुनासो गरे पनि प्राविधिक समस्या भनेर कर्मचारीहरूले सुनवाइ नगरेको बताए।

वीरगंज राधेमाईका प्रवीण कुमारले २० सेप्टेम्बरमा साँझ ७ बजेर १२ मिनेटमा रु १०० मा पाँच दिनको समयावधिसहित दुई जिबी जोड तीन जिबी डाटा खरीद गरेकोमा २१ सेप्टेम्बरको अपराह्न ४ बजेर ४ मिनेटमा डाटा सकिएको सूचना प्राप्त भएको बताए।

उनले आफूले यो प्याकेज खरीद गर्दै आएको र प्रायः डाटा प्रयोग नगर्दा पनि समयावधिभन्दा पहिले नै डाटा सकिने गरेको गुनासो गरे। उनले पनि १४९८ मा फोन गरेर गुनासो गर्दा उचित जवाफ नपाएको बताए।

### बेनी-जोमसोम सडक....

करिडोरमा समेटिएपछि विगत चार वर्षदेखि स्तरोन्नति र गत वर्षदेखि कालोपत्रको काम शुरू भएको छ। तर प्रत्येक वर्ष जेठदेखि असोजसम्म बाढीपहिरोका कारण सडकमा काम गर्न सकिने अवस्था नरहने हुँदा बर्सेनि यात्रीले सास्ती खेप्दै आउनुपरेको दानाका श्याम विकले बताए।

भीरकाटे र बादरजुङ्गे भीरमा सडक बनाउन नयाँ प्रविधि भित्र्याउन सडक विभागले अध्ययन गरेको थियो। सुरूङ र हाफ ब्रिजप्रविधि प्रयोग गर्ने विकल्पमा सम्भाव्यता अध्ययन भएको बताइए पनि काम शुरू हुन नसकेको स्थानीय जनप्रतिनिधिले बताएका छन्। बेनी-जोमसोम-कोरला सडकलाई गण्डकी प्रदेशको ‘लाइफलाइन’ मानिएको छ।

यो सडक कालोपत्र भएमा म्याग्दी र मुस्ताङमा पूर्वाधार, आर्थिक, व्यापारिक, जलविद्युत्, पर्यटन र धार्मिकस्थलको विकासका लागि महत्त्वपूर्ण योगदान पुग्ने प्रतिनिधिसभाका निवर्तमान सदस्य प्रेमप्रसाद तुलाचनले बताए। उनका अनुसार २०६४ सालदेखि नै यस सडकको अवस्था सुधार्ने धेरै प्रयास भएपनि संवेदनशील भूगोल र परम्परागत प्रविधिको प्रयोगका कारण सडकको अवस्था जस्ताको त्यस्तै रहेको छ।

कुल ७६ किलोमिटरको बेनी-जोमसोम सडकमा चार प्याकेजसहित निर्माण कार्यलाई अघि बढाइएको भएपनि निर्माण कम्पनीले कार्यक्षेत्रमा उल्लेख्य मात्रामा उपकरण र जनशक्ति परिचालन गर्न नसकेको गुनासो सुनिंदै आएको छ। न्यून कामदार र उपकरण प्रयोग गरेर ठेकेदार कम्पनीले सडक स्तरोन्नति कार्यमा हेलचक्रयाइँ गरिरहेको गुनासो बढ्दै गएको छ। जिल्ला ट्राफिक प्रहरी कार्यालय, म्याग्दीका प्रमुख इन्द्र नेपालीका अनुसार जलेश्वर, राहुघाट, बैसरी, नौनीबगर, जलथले, रूप्से र काभ्रेभीरको पहिरोले बेनी-जोमसोम सडकमा यातायात सञ्चालनमा समस्या भएको हो।

“कुन ठाउँमा कति बेला पहिरो खस्छ थाहै हुँदैन,” उनले भने, “खसेको पहिरो पन्छाउँदै सवारीसाधनलाई गन्तव्यमा पठाउँदै गरिएको छ।” राहुघाटमा पहिरो खसेर सडक साँघुरिने र हिलोमा फस्ने समस्या छ। बैसरीमा सडक माथिबाट केही दिनयता निरन्तर पहिरो झरिरहेको छ। पहिरो खस्न रोकिएको समयमा सवारीसाधन पार गराउने गरिएको छ।

अन्नपूर्ण गाउँपालिकाको नौनीबगर, जलथले, रूप्से र मुस्ताङको सिमानामा पर्ने काभ्रेभीरमा पनि पहिरोको समस्या छ। भिरालो र कमजोर भूगोल भएको म्याग्दी खण्डमा विस्तार गरिएको सडक भत्किएर हिलाम्मे बनेको छ। कालोपत्र गर्ने तयारी भएको सडक पनि पहिरोले साँघुरिएको छ। कतिपय ठाउँमा ट्रक र ठूला बस एकतर्फी मात्र आवतजावत गर्न सक्छन्।

बेनी-जोमसोम कोरला सडक आयोजनाका प्रमुख जगत प्रजापतिले सडक विभाग र ठेकेदार कम्पनीका डोजरलगायत उपकरणलाई तयारी अवस्थामा राखेर पहिरो पन्छाउने र यातायात सञ्चालन गर्ने गरिएको जानकारी दिए।

म्याग्दीको रूप्सेबाट मुस्ताङको घाँसासम्मको खण्डमा धेरै पहिरोको समस्या देखिएको उनको भनाइ छ। दुई वर्षअघिको बाढीले रूप्से र घाँसाको खहरेखोलामा निर्माणाधीन पुलको जग नै बगाएको थियो। कागबेनीमा दिवङ्गत पितृलाई सोऱ्हश्राद्धमा पिण्डदान र मुक्तिनाथ दर्शन गर्ने भक्तजनको चाप बढ्न थालेको छ।

यसैगरी, मुस्ताङ भ्रमणको याम पनि शुरू भएको छ। सडकको समस्याले मुस्ताङमा उत्पादन भएको स्याउ र आलुलगायत कृषि उपज निकासीमा समस्या भएको छ।

बाढीपहिरोका कारण सो सडकखण्डको तीन ठाउँमा लेदो माटोसहितको पहिरो आउन नरोकिएपछि ज्यानकै जोखिम मोलेर यात्रा गर्नुपर्ने बाध्यता रहेको सर्वसाधारणको गुनासो छ।

# वीरगंजमा राष्ट्रपतिविरुद्ध प्रदर्शन

प्रस, वीरगंज, ५ असोज/
नागरिकता विधेयक पारित नभएको आक्रोशमा वीरगंजमा राष्ट्रपति विद्यादेवी भण्डारीविरुद्ध प्रदर्शन भएको छ। जनता समाजवादी पार्टी (जसपा) को भ्रातृ सङ्गठन समाजवादी विद्यार्थी युनियन र समाजवादी युवा सङ्घ, पर्साको संयुक्त आह्वानमा भएको प्रदर्शनमा सहभागीहरूले राष्ट्रपतिको राजीनामा माग गरे। सात लाख नागरिकलाई नागरिकताविहीन बनाएर राष्ट्रपतिले असंवैधानिक कदम चालेका कारण नैतिकताको आधारमा राजीनामा गर्न सहभागीहरूले माग गरे।


तस्वीरः प्रतीक

वीरगंजको लोहारपट्टिमा जसपाका नेता, कार्यकताहरूले सडकमा टायर बालेर विरोध प्रदर्शन गरेका थिए। उनीहरूले सोही स्थानमा भएको कोणसभामा राष्ट्रपतिको राजीनामा माग गरेका हुन्।

समाजवादी विद्यार्थी युनियन, पर्साका अध्यक्ष एजाजबाबू राँकी र समाजवादी युवा सङ्घ, पर्साका अध्यक्ष गौरव वर्माको नेतृत्वमा भएको विरोध प्रदर्शनमा प्रदेशसभा सदस्यद्वय करिमा बेगम, भीमा यादव, जसपा पर्साका सहइन्चार्ज महाराज यादव, सचिव तबरेज अहमद, जसपा वीरगंज महानगर समितिका अध्यक्ष ईश्वरचन्द्र यादव, नेता मुकेश द्विवेदी, जिल्ला समन्वय समिति पर्साका निवर्तमान सभापति नेकमहमद अन्सारीलगायतले राष्ट्रपतिको कदम गैरसंवैधानिक बताएर राजीनामा माग गरेका थिए। उनीहरूले प्रतिनिधिसभा र राष्ट्रियसभाबाट दुईपटक पारित भएको नागरिकता विधेयक प्रमाणीकरण गर्ने वाध्यात्मक अधिकार राष्ट्रपतिलाई भएको तर उनले सो विधेयक प्रमाणीकरण नगरेर संविधानविपरीत कार्य गरेकाले राजीनामा दिनुपर्ने तर्क गरेका थिए। उनीहरूले राष्ट्रपतिबाट राजीनामा नआएको खण्डमा आन्दोलनका थप कार्यक्रमहरू हुने चेतावनी पनि दिए।

कार्यक्रममा जसपा पर्साका सदस्य वीरेन्द्र यादव, तुफेल अख्तर, समाजवादी युवा सङ्घका केन्द्रीय सचिव सरोज यादव, शशी पाण्डे, मनमोहन पाण्डेलगायतको सहभागिता थियो।

## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| १) | तेरापन्थ युवक परिषद्, वीरगंज | पत्रकार सम्मेलन | नेपमहासङ्घ, पर्सा | ११:३० |


## धूमपान नगरौं, स्वस्थ जीवन बाँचौं

- धूमपानले मुटु, दम, श्वासप्रश्वास, क्यान्सरलगायत दीर्घकालीन रोग लाग्न सक्दछ।
- आफू, परिवार तथा समाजका अन्य व्यक्तिलाई धूमपानको कुलतमा फस्न नदिऔं।
- कुलतमा रहेकाले धूमपान त्याग्ने प्रण गरौं।
- धूमपान गर्नेहरूको सङ्गतबाट टाढा रहौं।
- धूमपानले तपाई र परिवार सबैलाई असर पुऱ्याउँछ।

**त्यसैले**

**धूमपान नगरौं, स्वस्थ जीवन बाँचौं।**

नेपाल सरकार
विज्ञापन बोर्ड

Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


# खेलकूदको संसार

## बडादशैंको अवसरमा टी–२० क्रिकेट प्रतियोगिता

प्रस, वीरगंज, ५ असोज/
विन्ध्यवासिनी गाउँपालिका–२ का अध्यक्ष मुक्तिनाथप्रसाद कुर्मीले आफ्नो वडाका युवाहरूको चाहना अनुसार बुधवारदेखि गापास्तरीय टी–२० क्रिकेट प्रतियोगिताको आयोजना गरेका छन्।


तस्वीरः प्रतीक

द न्यूज स्टार युवा क्लब बहुअर्वाभाठाको आयोजनामा बडादशैंको शुभ अवसरमा आयोजित क्रिकेट प्रतियोगिताको नेपाली काङ्ग्रेस, पर्साका सभापति जनार्दन सिंह क्षत्रीले उद्घाटन गरेका थिए।

उद्घाटन समारोहमा पटेर्वासुगौली गापाका अध्यक्ष दिनेश चौधरी, नेका पर्साका क्षेत्रीय सभापति श्रीकृष्ण चौहान, पोखरिया नगरपालिकाका पूर्वप्रमुख दीपनारायण रौनियार, नेपाल तरुण दल, पर्साका सचिव विवेक चौरसिया, वडाध्यक्षहरू अच्छेलाल महतो, जयप्रकाश चौरसिया, अनोज चौरसिया, प्रमुख प्रशासकीय अधिकृत राजु साहलगायतको सहभागिता थियो।

# भारतको नयाँ दिल्लीसम्म यात्रा गरेका मुन्नाको सरकारसँग गुनासो

प्रस, वीरगंज, ५ असोज/
वीरगंजदेखि भारतको नयाँ दिल्लीसम्मको एक हजार ६० किलोमिटर पैदल यात्रा गरेका शेख मुन्नाले सङ्घ, प्रदेश र स्थानीय सरकारले आफूले गरेको कीर्तिमानको कदर नगरेको गुनासो गरेका छन्।

नेपाल पत्रकार महासङ्घ, पर्साको सभाहलमा बुधवार पत्रकार सम्मेलन गरेर उनले अमेरिका, फ्रान्स र भारतका नागरिकले पैदल हिंडेर राखेको कीर्तिमान तोड्दासमेत राज्यका कुनै पनि निकाय र व्यक्तिहरूले आफूलाई सम्मान नगरेको भनेर दुःखेसो पोखे। उनले भने– मैले नेपाल र भारतको रोटीबेटीको सम्बन्धलाई बलियो बनाउन, नेपालको नाम संसारमा राख्न र सीमा क्षेत्रमा महिलाहरूले भोग्नुपरेको घरेलु हिंसा न्यूनीकरणका लागि पैदल हिंडेर कीर्तिमान बनाएको छु तर अहिलेसम्म यो समाज र राज्यले मेरो कदर गरेन।

देशका कुनै पनि निकायबाट वास्ता गरिएन, प्रदेशका मुख्यमन्त्री, मन्त्रीहरूसम्मले बेवास्ता गरे अनि स्थानीय महानगरका प्रमुखले पनि सम्मान नगरेको भनेर उनले दुःखेसो पोखे।

साउन २१ गते वीरगंजबाट पैदल यात्रा शुरू गर्दा उपप्रमुख इम्तियाज आलमले बिदाइ गरे तर २२ दिनको पैदल यात्रा तय गरेर आउँदा सामाजिक सङ्घसंस्थाका प्रतिनिधिहरूबाहेक कसैले वास्ता गरेनन् मुन्नाले भने। उनले सञ्चारमाध्यमहरूले पनि आफ्नो कीर्तिको प्रशंसा नगरेको आरोप लगाए।

भारतीय सञ्चारमाध्यमहरूले जति प्राथमिकता दिए नेपाली सञ्चारमाध्यमहरूले त्यति गरेनन्, उनले गुनासो पोखे।

मुन्नाले आफूले प्रशंसाको लागि पैदल यात्रा नगरेको तर देशको नाम उच्च राख्ने कार्य गर्दा पनि त्यसको चर्चा र प्रशंसा नहुँदा दुःख लागेको र त्यो पत्रकार सम्मेलनमार्फत पोख्ने कार्य गरेको बताए।



### किशोरी शिक्षा प्रभावकारी....

पालिकाहरू, विद्यालयका प्रअ र समुदायले यसमा भूमिका खेल्नुपर्ने बताए। कार्यक्रममा पटेर्वासुगौली गापाका शिक्षा शाखा प्रमुख शम्भु साह, जीराभवानी गापाका शिक्षा शाखा जीतेन्द्र मिश्रलगायत मन्तव्य व्यक्त गरेका थिए।

### अतिक्रमण हटाउन....

निमुखा जनताको गरिखाने बाटो रोक्ने कार्य गरेर बहादुरी प्रदर्शन गरिएको आरोप लगाए। अतिक्रमण हटाउन वडाध्यक्ष कानू, इलाका प्रहरी कार्यालय, पोखरिया, सशस्त्र प्रहरी सुरक्षा बेस, पोखरियालगायतको सहभागिता थियो।

### ठोरी–भिखनाठोरी आवागमन....

आउने भारतीय पर्यटकहरूलाई ठोरी प्रवेशमा भारतीय पक्षले नै रोक लगाएको छ। साथै उनीहरूले नेपालीहरूलाई पनि ठोरी भएर भिखनाठोरी प्रवेश हुन दिएका छैनन्।

ठोरीमा भारतीयहरू दैनिक सयौंको सङ्ख्यामा आउने गर्दथे। यसैगरी, ठोरीवासीहरू पनि बजार गर्न भिखनाठोरी जाने गरेका थिए। मनमुटाव बढेकाले दुवैतर्फबाट अहिले आवतजावत पूर्णरूपमा बन्द छ। भारतीय पर्यटकहरू नेपाल नआउँदा ठोरी बजार र पर्यटकीय स्थलहरू सुनसान भएको ठोरीबजारका होटल व्यवसायी परशुराम नेपालले बताए।

नाकामा आवतजावतमा समस्या भएकाले यसको प्रभाव भारतीय बजार भिखनाठोरीमा समेत परेको छ। नेपालीहरूले दैनिक उपभोग्य सामग्रीहरू भिखनाठोरीबाट नै ल्याउने गरेकाले तीन दिनदेखि आवागमनमा समस्या भएपछि भिखनाठोरीमा समेत चहलपहल शून्य छ।

दशैं नजीकिंदै जादा सीमामा भएको यो विवाद साम्य नहुँदा दुवैतर्फका व्यापारी र मानिसहरूमा तनाव बढेको छ भने केही मानिस भने यो अवस्थामा आफ्नो स्वार्थको रोटी सेक्ने काममा लागिपरेकाले समस्या समाधानमा ढिला भएको स्थानीयको आरोप छ।

# बजार समिति गठन गर्न व्यापारीको माग

बलिराम शुक्ला, बिरुवागुठी, ५ असोज/
पर्सागढी नगरपालिका–३ पकडिया बडनिहार बजारको व्यवस्थापन समिति नहुँदा बजारमा आउने व्यापारीहरूले सास्ती भोग्नुपरेको छ।

यहाँ ४० वर्षदेखि साताको दुई दिन बिहीवार र आइतवार हाटबजार लाग्ने गर्छ। तर एक वर्षदेखि बजार व्यवस्थापन समिति गठन हुन सकेको छैन र हाटबजार लाग्ने दुई दिन व्यापारीहरूको समस्या समाधान गर्ने समितिका आधिकारिक व्यक्ति नभएको कारण समस्या हुने गरेको छ।

सडकपेटीमा लाग्दै आइरहेको हाटबजार केही दिनदेखि बजारदेखि पूर्व खाली जग्गामा सारिएको छ। बजार व्यवस्थापन समिति नहुँदा व्यवस्थापनमा कठिनाइ भएको ठेकेदार रामजनम चौधरीले गुनासो गरे।

बजार समितिले यसअघि ठेक्का लगाउने गरेको थियो। तर एक वर्षअघिदेखि पर्सागढी नगरपालिकाले



बजारको ठेक्का लगाउन शुरू गरेको तर अहिलेसम्म बजार व्यवस्थापन समिति गठन नगर्दा समस्या जेलिंदै आएको छ। बजार समिति गठन नभएको, वडा समितिको कार्यालय र नपाले बजारको समस्यामा ध्यान नदिएका कारण ठेकेदार र बजारका व्यापारीबीच आइपर्ने समस्याको समाधान हुन सकेको छैन।

व्यापारी सोनालाल साहका अनुसार बजार व्यवस्थापन समिति नहुँदा एक वर्षदेखि व्यापारीले दुःख भोग्दै आएको र व्यापारीको गुनासो कसैले नसुनिदिएको दुःखेसो पोखे। उनले वडा कार्यालय, नपाले नसुन्ने हो भने अविलम्ब बजार व्यवस्थापन समिति गठन गर्नुपर्ने माग राखे।

# पर्साको दलित बस्तीमा अन्तर्राष्ट्रिय शान्ति दिवस

प्रस, वीरगंज, ५ असोज/
पिसफोर दलित फाउन्डेशन नेपाल, मधेस प्रदेश, पर्साको आयोजना र युआरआई, स्माइल फर मिलियन्स, परिवर्तनको लागि सहकार्य, युनाइटेड नेशन काठमाडौं, दीप नेपालको संयुक्त सहकार्य र समन्वयमा पर्सा जिल्लाको जीराभवानी गाउँपालिका–४, सुपौलीको दलितबस्तीमा ४१औं अन्तर्राष्ट्रिय शान्ति दिवस बुधवार मनाइएको छ।

सन् २०२२ को अन्तर्राष्ट्रिय शान्ति दिवसको नारा 'जातिवादको अन्त्य गर्नुस्, शान्ति निर्माण गर्नुस्' रहेको छ। अन्तर्क्रिया कार्यक्रमको वडाध्यक्ष राजेश्वर थारूले उद्घाटन गर्दै दलित समुदायको अधिकार तथा सेवा र शान्तिको लागि सधैं सहयोग र साथ रहने बताए। उनले जबसम्म समाजमा जातिवाद, जातीय विभेद, छुवाछूत तथा दलित सामाजिक स्वतन्त्रता, सामाजिक न्याय हुँदैन, तबसम्म समाजमा शान्तिको वातावरण नहुने र यसका लागि हामी सबै मिली समाजमा रहेको जातिवादको अन्त्य गर्नुपर्ने बताए। अन्तर्क्रियामा फाउन्डेशनका उपाध्यक्ष चन्द्रकिशोर रामले सङ्घ, प्रदेश र स्थानीय सरकारले संविधान तथा अन्तर्राष्ट्रिय कानून अनुसार दलितको अधिकारको लागि काम नगर्ने हो भने गाउँबस्तीबाट दलितले आन्दोलन गर्न बाध्य हुने चेतावनी दिए। कार्यक्रममा दलित महिला शान्तिदेवी मुसहरिनले दलितको अधिकार सुनिश्चित नभएसम्म तथा छुवाछूत अन्त्य नभएसम्म समाजमा शान्ति नहुने बताइन्।



तस्वीरः प्रतीक

फाउन्डेशनका सदस्य दलित नेता परमानन्द रामले दलितको लागि शिक्षा, सशक्तीकरण, समानता तथा दलितको लागि शान्ति नभएसम्म समाज र देशमा शान्तिको संस्कार र अवस्था सृजना नहुने बताए।

दलित फाउन्डेशनका अध्यक्ष मनोज रामले अहिंसक आन्दोलनबाट पनि परिवर्तन तथा शान्ति ल्याउन सकिने बताए।

उनले सन् २०२२ को अन्तर्राष्ट्रिय शान्ति दिवसको विषयवस्तु जातिवादको अन्त्य गरी शान्ति निर्माण भएको बताए। उनले सहभागीहरूलाई अन्तर्राष्ट्रिय शान्ति दिवसका नारा र दिवस मनाउने कारणका बारेमा जानकारी गराएका थिए। उनले सन् १९८१ मा संयुक्त राष्ट्रसङ्घ महासभा शुरू भएको दिन पारेर राष्ट्रसङ्घद्वारा प्रस्ताव पारित गरी राष्ट्रसङ्घ महासभा शुरू हुने सेप्टेम्बर महीनाको तेस्रो मङ्गलवारका दिन शान्ति दिवस मनाउने निर्णयअनुरूप सन् १९८२ को सेप्टेम्बरमा पहिलो शान्ति दिवस मनाइएको जानकारी गराएका थिए। सन् २००२ मा भएको संयुक्त राष्ट्रसङ्घ महासभाले सेप्टेम्बर २१ लाई स्थायीरूपमा अन्तर्राष्ट्रिय शान्ति दिवस घोषणा गरेको बताए।

कार्यक्रममा वडासदस्य कौशिल्यादेवी राम, परमानन्द राम, सुरेन्द्र पासवान, अशोक राम, संजोग राम, शिव राम, दलित अगुवा, महिलाको सहभागिता थियो।